# मिडिया सुरक्षा अवस्था अनुगमन प्रतिवेदन

जून २०२१ देखि नोभेम्बर २०२२

# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ सम्पूर्ण नेपाली पत्रकारहरुको साझा छाता संगठन हो । वि.सं. २०१२ चैत १६ गते गठन भएको नेपाल पत्रकार संघलाई वि.सं. २०५३ जेठ २९ मा महासंघमा रुपान्तरण गरिएको हो । हाल महासंघमा १३ हजारभन्दा बढी सदस्य रहेका छन् । महासंघले नीतिगत तथा व्यवहारिक पक्षबाट प्रेस स्वतन्त्रताको प्रतिरक्षा र प्रवर्द्धन गर्ने, पत्रकारहरुको भौतिक तथा पेशागत सुरक्षा सुनिश्चितताका लागि काम गर्ने र पत्रकारिता तथा सञ्चार क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तर्राष्ट्रिय संगठन तथा संघ संस्थासँग सहकार्य गर्दै आएको छ । हालसम्म देशमा भएका सबै लोकतान्त्रिक आन्दोलनहरुको एक अंगका रुपमा महासंघ सधैं उभिएको छ ।

## महासंघको उद्देश्य

- देश तथा विदेशमा कार्यरत श्रमजिवी नेपाली पत्रकारहरूलाई संगठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्दन तथा संरक्षण गर्न क्रियाशील रहन
- उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने,
- सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने,
- श्रमजीवी पत्रकारहरुको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासंघलाई ट्रेड युनियन संस्थाका रुपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने
- पत्रकार तथा आमसञ्चारमाध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने,
- पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील संघ संस्थाहरुसँग सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका संघ, संस्थाहरूसँग प्रतिनिधिहरू आदानप्रदान गर्ने,
- पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयहरूमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने,
- राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,
- लोकतन्त्रलाई सुदृढ गर्दै देशमा लोकतान्त्रिक संस्कार निर्माण गर्नु र मानव अधिकारको रक्षा गर्नु, र
- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक अन्य काम गर्ने ।

## महासंघको संगठन

| | | |
|---|---|---|
| जिल्ला शाखा – ७६ | वैदेशिक शाखा – १२ | केन्द्रीय परिषद – १ |
| प्रतिष्ठान शाखा – ४२ | प्रदेश परिषद – १० | केन्द्रीय समिति – १ |
| एसोसियट सदस्य – १२ | प्रदेश समिति – १० | |

## समावेशीकरण

केन्द्रीय समिति (४९ सदस्य)

- एक बरिष्ठ उपाध्यक्ष
- एक महिला उपाध्यक्ष
- एक समावेशी उपाध्यक्ष
- महिला, मधेशी, जनजाती र दलित सचिव ६ जना
- चार महिला सदस्य (खुला, जनजाती, मधेशी र दलित)
- दलित, जनजाती र मधेशी समुदायबाट न्यूनतम १/१ महिलासहित २/२ सदस्य
- अल्पसंख्यक तथा अपांगता भएका पत्रकारहरुमध्ये १/१ सदस्य
- १० प्रदेशबाट २/२ जना सदस्य

## प्रदेश समिति (२१ सदस्य)

- एक महिला उपाध्यक्ष
- एक समावेशी सचिव
- तीन महिला सदस्य
- जनजाती र मधेशी समुदायबाट २/२ जना सदस्य
- दलित तथा अल्पसंख्यक/अपांगता भएका पत्रकारहरुमध्ये १ सदस्य

## जिल्ला शाखा

जिल्ला तथा प्रतिष्ठान शाखामा एक महिला उपाध्यक्ष र एक समावेशी सचिवको प्रावधान रहेको छ ।

यससँगै महासंघले शाखाहरुमार्फत केन्द्रीय परिषदमा प्रतिनिधित्व गर्ने पत्रकारहरुमा दुईजनामध्ये एकजना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गरी महिलाहरुको प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याउने व्यवस्था गरेको छ ।

## लोकतान्त्रिक महासंघ

- प्रत्येक तीन वर्षमा सबै समिति तथा शाखाहरुको निर्वाचन
- सबै समितिका नेतृत्व चयनका लागि सबै सदस्य पत्रकारहरुको प्रत्यक्ष मतदान
- निवर्तमान अध्यक्ष, त्यस अघिका समितिको अध्यक्ष र अध्यक्ष पदका निकटतम् प्रतिद्वन्दी केन्द्रीय समितिमा सल्लाहकार रहने व्यवस्था
- हालसम्म कुनै पनि अध्यक्षको कार्यकाल नदोहोरिएको

# मिडिया सुरक्षा अवस्था अनुगमन प्रतिवेदन

## जून २०२१ देखि नोभेम्बर २०२२

**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, काठमाडौं

© सर्वाधिकार

नेपाल पत्रकार महासंघ
सञ्चारग्राम, तिलगंगा, काठमाडौँ
फोन नं. : ०१-४११२७६३, ४११२६७३
इमेल : fnjnepalcentral@gmail.com
वेबसाइट : http://fnjnepal.org

संयोजन : रामप्रसाद दहाल
लेखन/सम्पादन : शिव गाउँले
लेआउट/डिजाईन : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं

यो मिडिया सुरक्षा अवस्था अनुगमन प्रतिवेदन "सुरक्षित मिडिया" परियोजनाअन्तर्गत युरोपियन युनियन (The European Union) को आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यसमा समावेश भएका कुनै पनि विषयवस्तुले युरोपियन युनियनको विचार प्रतिविम्बित भएको मानिने छैन ।

**संयोजन** :

रामप्रसाद दहाल

**प्रतिवेदकहरू** :

**नेपाल पत्रकार महासंघका जिल्ला शाखा अध्यक्षहरु**

हिमाल जोशी (कैलाली)

ललित बसेल (सुर्खेत)

दुर्गालाल के.सी. (दाङ)

रामराज पोखरेल (रूपन्देही)

विमला भण्डारी (कास्की)

मणिराज गौतम (मकवानपुर)

मनिका झा (धनुषा)

टङ्कबहादुर क्षेत्री (सर्लाही)

सञ्जिव शर्मा (मोरङ) र

जनकऋषि राई (चाम्लिङ)(सुनसरी)

# प्रतिवेदन सम्बन्धमा

नेपाल पत्रकार महासंघले युरोपियन युनियनको आर्थिक सहयोग र 'इन्टरनेशनल अलर्ट' सँगको सहकार्यमा संचालन भइरहेको 'सुरक्षित मिडिया परियोजना' अन्तर्गत ११ जिल्लामा सन् २०२१ जूनदेखि २०२२ नोभेम्बरसम्म गरिएको स्वतन्त्र मिडियाको सुरक्षासँग सम्बन्धित अनुगमन प्रतिवेदन तयार गरिएको छ ।

नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरूलाई उपलब्ध गराइएको फारममा जिल्ला शाखाका अध्यक्षहरूले भरेर पठाएको विवरणमा आधारित भएर यो प्रतिवेदन तयार गरिएको हो । प्रतिवेदनमा प्रेस स्वतन्त्रताको अवस्था, पत्रकार सुरक्षा, मिडिया क्षेत्रको अपडेट, जिल्ला शाखाका गतिविधि र परियोजना अन्तर्गतका गतिविधि र अभिव्यक्ति स्वतन्त्रता र मिडिया अधिकारको विवरण उल्लेख गरिएको थियो ।

सो फारममा आधारित भएर कैलाली, सुर्खेत, दाङ, रूपन्देही, कास्की, मकवानपुर, काठमाडौं, धनुषा, सर्लाही, मोरङ र सुनसरी जिल्ला शाखाहरूबाट प्राप्त सूचनालाई विश्लेषण गरेर यो प्रतिवेदन तयार गरिएको हुनाले यो प्रतिवेदनले देशको समग्र प्रदेशको प्रेस स्वतन्त्रताको अवस्था चित्रण गर्छ भन्न सकिन्न । तर, यसले सम्बन्धित प्रदेशको र समग्र मुलुकको प्रेस स्वतन्त्रताको एउटा तस्बिर चाहिं पक्कै देखाउँछ ।

धम्की र दुर्व्यवहार सहनु सबैजसो जिल्लाका पत्रकारले भोग्ने समस्या देखिन्छ । यसमा मात्रा मात्रै फरक छ । सबैजसो जिल्लाको साझा समस्या के छ भने यस्ता धम्कीहरू प्रायः मिलापत्रमा गएर टुङ्गिएका छन् । दोषी माथि विना कुनै कारबाही त्यत्तिकै सकिएका छन् । यसले दण्डहीनताको अवस्था कस्तो छ भन्ने देखाउँछ ।

कोभिड महामारीका बेला पत्रकारहरूको आवतजावत प्रभावित भएको हुँदा समाचारको स्रोतसम्म पहुँच पुग्न नसकेको समेत देखिएको छ । नेपाल पत्रकार महासंघले सन् २०२२ मा 'नेपालमा प्रेस स्वतन्त्रताको अवस्था' सम्बन्धमा जारी गरेको विज्ञप्ति अनुसार पनि गिरफ्तारी ३, कब्जा ७, दुर्व्यवहार/धम्की २२, आक्रमण ७, पेशागत असुरक्षा ११, नीतिगत बन्देज १ र विस्थापनको एउटा घटना भएको देखिन्छ । सातै प्रदेशको प्रतिनिधिमूलक यो अध्ययनले पनि यसको पुष्टि गर्छ । यो अनुगमन प्रतिवेदनले पनि नेपालमा प्रेस स्वतन्त्रता उल्लंघनको सबभन्दा ठूलो समस्या भनेको धम्की र आक्रमण हो भन्ने देखाउँछ ।

भिन्न भिन्न जिल्लाको वस्तुगत अवस्था, भिन्न भिन्न बुझाइ र त्यस आधारमा प्राप्त विवरणमा आधारित भएकोले यो प्रतिवेदनले विचार र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा जिल्लागत रूपमा भिन्न भिन्न अवस्था देखाउँछ । तर, यति हुँदाहुँदै पनि आचारसंहिताको पालनामा भएका कमजोरी र श्रमजीवी पत्रकार कानूनको पालना नभएको समस्या चाहिं साझा चुनौती देखिन्छ ।

कोभिड-१९ को नाममा विभिन्न सञ्चारगृहले पत्रकारलाई बेतलबी बिदामा राख्ने, लामो समयदेखि सेवा-सुविधा उपलब्ध नगराउने र पेशाबाट विमुख गर्ने काम गरेको अनुगमनबाट देखिन्छ । यो संविधान र प्रचलित श्रम कानून तथा श्रमजीवी पत्रकार ऐनको सोझो उल्लंघन हो । यसबाट आफ्नो व्यावसायिक काममा कानूनी संरक्षण प्राप्त गर्ने पत्रकारको हकको उल्लंघन भएको स्पष्ट हुन्छ ।

सामान्य अवस्थामा पनि श्रमजीवी पत्रकार ऐनको पालना एउटा गम्भीर चुनौतीको रूपमा देखिएको छ । अनुगमन अवधिमा देखिएको एउटा ठूलो समस्या भनेकै पत्रकारलाई समयमा पारिश्रमिक नदिनु हो । नेपाल पत्रकार महासंघको पहलमा धर्ना वा दबावमूलक कार्यक्रम संचालन गरेपछि कतिपय ठाउँमा अल्पकालीन रूपमा समस्या समाधान भए पनि यसको दीर्घकालीन समाधान चुनौतीको विषय बनेको छ । संचार व्यवस्थापनलाई श्रमजीवी पत्रकार ऐन पालना स्वेच्छाको विषय नभई कानूनी दायित्व हो भनेर बुझाउने चुनौती अहिले पनि देखिन्छ ।

जिल्लाबाट सूचनामा आधारित भएर नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाउँलेले यो विश्लेषणात्मक प्रतिवेदन तयार पार्नुभएकोमा उहाँलाई धन्यवाद दिन चाहन्छु । परियोजना संचालन भएका ११ वटै जिल्ला शाखाका अध्यक्षको भूमिकाको समेत म प्रशंसा गर्न चाहन्छु ।

जिल्लाबाट प्रतिवेदन संकलन गर्न समन्वय गर्ने नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयका कार्यक्रम प्रबन्धक रामप्रसाद दाहालसमेत धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा प्रेस स्वतन्त्रताको अवस्था विश्लेषण गर्न सहयोग पुऱ्याउने युरोपियन युनियन तथा इन्टरनेशनल अलर्टलाई विशेष धन्यवाद दिन चाहन्छु ।

विपुल पोखरेल
अध्यक्ष
नेपाल पत्रकार महासंघ

# नेपाल पत्रकार महासंघ
# मिडिया सुरक्षा अनुगमन प्रतिवेदन २०२१-२०२२

## अनुगमन प्रक्रिया :

नेपाल पत्रकार महासंघको 'सुरक्षित मिडिया परियोजना' अन्तर्गत ११ वटा जिल्ला[१] मा सन् २०२१ जून देखि २०२२ नोभेम्बरसम्म गरिएको स्वतन्त्र मिडियाको सुरक्षासँग सम्बन्धित अनुगमन प्रतिवेदनको यो कार्यकारी सारांश हो । यो प्रतिवेदन युरोपियन युनियनको आर्थिक सहयोग र 'इन्टरनेशनल अलर्ट' सँगको सहकार्यमा तयार गरिएको हो ।

नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरूलाई उपलब्ध गराइएको फारम[२] मा जिल्ला शाखाका अध्यक्षले भरेर पठाएको विवरणमा आधारित भएर यो प्रतिवेदन तयार गरिएको हो । प्रतिवेदनमा प्रेस स्वतन्त्रताको अवस्था, पत्रकार सुरक्षा, मिडिया क्षेत्रको अपडेट, जिल्ला शाखाका गतिविधि र परियोजना अन्तर्गतका गतिविधि खण्ड उल्लेख गरिएको फारम वितरण गरिएको थियो । सो फारममा अभिव्यक्ति स्वतन्त्रता र मिडिया अधिकारको तालिका खण्ड पनि समावेश गरिएको थियो । सो फारममा आधारित भएर जिल्ला शाखाहरूबाट प्राप्त सूचनालाई विश्लेषण गरेर यो प्रतिवेदन तयार गरिएको हो ।

अनुगमनमा प्रत्येक प्रदेशबाट एउटा जिल्ला गरेर ७ र थप जिल्लामा लुम्बिनीको रूपन्देही, बागमतीको काठमाडौं, मधेशको सर्लाही र प्रदेश-१ को सुनसरी जिल्ला थप गरेर जम्मा ११ वटा जिल्लाको विवरणमा आधारित भएका कारण यो प्रतिवेदनले देशको समग्र प्रदेशको प्रेस स्वतन्त्रताको अवस्था चित्रण गर्छ भन्न सकिन्न । तर, यसले सम्बन्धित प्रदेशको र समग्र मुलुकको प्रेस स्वतन्त्रताको एउटा तस्बिर चाहिं पक्कै देखाउँछ ।

यो अध्ययन मूलतः प्रदेश सदरमुकाम रहेका जिल्लाको विवरणमा आधारित छ । सुदूरपश्चिम प्रदेशको कैलाली, कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको दाङ र रूपन्देही, गण्डकी प्रदेशको कास्की, बागमती प्रदेशको मकवानपुर र काठमाडौं, मधेश प्रदेशको धनुषा र सर्लाही अनि प्रदेश-१ को मोरङ र सुनसरी जिल्लाको विवरण र त्यसको विश्लेषण नै यो प्रतिवेदन हो ।

## कार्यकारी सारांश :

प्रतिवेदन विश्लेषण गर्दा चुनावमा दलीय पक्षपोषण गरेर पत्रकार आचारसंहिताको उल्लंघन गर्नेमा सुदूरपश्चिम प्रदेश (कैलाली) अगाडि देखिन्छ भने यसपछि मधेश प्रदेश (धनुषा) मा यो समस्या धेरै देखिन्छ । तेस्रोमा प्रदेश-१ (सुनसरी) मा यो समस्या रहेको विवरणबाट देखिन्छ । यसले चुनावमा व्यावसायिक र तटस्थ रहनुपर्ने पत्रकारिताको मर्ममाथि नै प्रश्न उठाएको छ ।

धम्की र दुर्व्यवहार सहनु सबैजसो जिल्लाका पत्रकारले भोग्ने समस्या देखिन्छ । यसमा मात्रा मात्रै फरक छ । यो क्रम तुलनात्मक रूपमा काठमाडौं, दाङ, सुर्खेत, मोरङ, रूपन्देही, कैलाली लगायत जिल्लामा छ । सबैजसो जिल्लाको साझा समस्या के छ भने यस्ता धम्की प्रायः मिलापत्रमा गएर टुङ्गिएका छन् । अर्थात् दोषी माथि विना कुनै कारबाही त्यत्तिकै सकिएका छन् । यसले दण्डहीनताको अवस्था कस्तो छ भन्ने देखाउँछ ।

अनुगमनले केही जिल्लामा विशेष खालका समस्या छन् भन्ने देखाउँछ । जस्तो कि रूपन्देहीमा पत्रकारहरूले 'सेल्फ सेन्सरशिप' को समस्या भोगेका छन् । खासगरी प्राकृतिक स्रोत उत्खननको समाचार लेख्दा यस्तो समस्या भोग्नुपर्ने उनीहरूको भनाइ छ । त्यस्तै कास्कीमा महिलाले कार्यस्थलमा हिंसा व्यहोर्नु परेको विवरणबाट देखिन्छ भने काठमाडौंमा सरकारी निकायले नै पत्रकारलाई समाचार नलेख्नु भन्ने निर्देशनात्मक विज्ञप्ति प्रकाशित गरेको देखिन्छ । कोभिड महामारीका समयमा अरू धेरै जिल्लाले स्पष्ट नदेखाएको समस्या सर्लाही जिल्लाले देखाएको छ । कोभिड महामारीका बेला पत्रकारहरूको आवतजावत प्रभावित भएको हुँदा समाचारको स्रोतसम्म पहुँच पुग्न नसकेको सो जिल्लाको

---

१ अनुगमन गरिएका जिल्लामा कैलाली, सुर्खेत, दाङ, रूपन्देही, कास्की, काठमाडौं, मकवानपुर, धनुषा, सर्लाही, सुनसरी र मोरङ थिए ।

२ फारमको नमुना अनुसूची १ मा राखिएको छ ।

विवरणमा उल्लेख छ ।

लुम्बिनी प्रदेशका रूपन्देही र दाङ जिल्लाले पत्रकारहरूले भ्रमपूर्ण सूचना प्रवाह गरेको विवरण संकलन गरेका छन् । अन्यत्र यस्तो स्पष्ट विवरण पाइँदैन । तर, चुनावका समयमा आफूले समर्थन गर्ने राजनीतिक दलका पक्षमा र विरोधीका विपक्षमा भ्रमपूर्ण सूचना प्रवाह हुने गरेको विवरण अन्यत्र पनि देखिन्छन् । उदाहरणका रूपमा सुनसरी जिल्लाको विवरण अनुसार, पत्रकारहरू दलीय संरचनामा बसेर चुनाव प्रचार गर्दा भ्रमपूर्ण सूचना प्रवाह भएको थियो ।

नेपाल पत्रकार महासंघले सन् २०२२ मा 'नेपालमा प्रेस स्वतन्त्रताको अवस्था' सम्बन्धमा जारी गरेको विज्ञप्ति अनुसार[३] पनि गिरफ्तारी ३, कब्जा ७, दुर्व्यवहार/धम्की २२, आक्रमण ७, पेशागत असुरक्षा ११, नीतिगत बन्देज १ र विस्थापनको एउटा घटना भएको देखिन्छ । सातै प्रदेशको प्रतिनिधिमूलक यो अध्ययनले पनि यसको पुष्टि गर्छ । यो अनुगमन प्रतिवेदनले पनि नेपालमा प्रेस स्वतन्त्रता उल्लंघनको सबभन्दा ठूलो समस्या भनेको धम्की र आक्रमण हो भन्ने देखाउँछ ।

भिन्न भिन्न जिल्लाको वस्तुगत अवस्था, भिन्न भिन्न बुझाइ र त्यस आधारमा प्राप्त विवरणमा आधारित भएकोले यो प्रतिवेदनले विचार र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा जिल्लागत रूपमा भिन्न भिन्न अवस्था देखाउँछ । तर, यति हुँदाहुँदै पनि आचारसंहिताको पालनामा भएका कमजोरी र श्रमजीवी पत्रकार कानुनको पालना नभएको समस्या चाहिं साझा चुनौती देखिन्छ ।

अध्ययन अवधिमा नेपालमा विचार र अभिव्यक्ति स्वतन्त्रता हननका गम्भीर प्रयास भएका तथ्य फेला परेका छन् । कतिसम्म भने गृह मन्त्रालय जस्तो नेपाल सरकारको कानून व्यवस्था लागू गर्ने निकायले समेत विदेशी परियोजना र जयसिंह धामी प्रकरण जस्ता मामिलामा कुनै विचार व्यक्त नगर्न र समाचार नछाप्न निर्देशन दिने शैलीमा प्रेस विज्ञप्ति जारी गरेको थियो ।

जयसिंह धामी सुदूरपश्चिमको महाकाली नदी पार गर्ने क्रममा भारतीय सुरक्षा फौजले तुइनबाट झारेपछि बेपत्ता भएका एकजना युवा थिए । गृह मन्त्रालयको यो सूचना नेपालको संविधान र संचार कानून विरुद्धको कदम थियो । यसले अझै पनि सरकारी संरचनाभित्र नियन्त्रणात्मक सोच हावी छ र राज्य संरचना जुनसुकै बेला अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्न अघि सर्न सक्छ भन्ने देखाउँछ ।

यो अनुगमनले नेपालको संविधान बमोजिम स्थापित लोकतान्त्रिक संरचना समेत बेलाबखत अभिव्यक्ति स्वतन्त्रता विरुद्ध उभिन सक्छन् भन्ने उदाहरण पनि देखाएको छ । संसदमा प्रेसलाई पहुँच नदिने घटना यसबीचमा देखियो । संसद सचिवालय जस्तो जनप्रतिनिधिमूलक संरचनाभित्र पनि प्रेसलाई नियन्त्रण गर्ने, सूचनाको स्रोतसम्म पहुँच नदिने र पत्रकारलाई जुनसुकै बेला समाचार संकलनमा रोक लगाउन सक्ने प्रवृत्ति देखिनु चिन्ताको विषय हो । 'लोकतन्त्रको मन्दिर' भनिने संसदले पत्रकारको पहुँचमा नियन्त्रण गर्न खोज्नु चिन्ताको विषय हो ।

कोभिड-१९ को नाममा विभिन्न सञ्चारगृहले पत्रकारलाई बेतलबी बिदामा राख्ने, लामो समयदेखि सेवा-सुविधा उपलब्ध नगराउने र पेशाबाट विमुख गर्ने काम गरेको अनुगमनबाट देखिन्छ । यो संविधान र प्रचलित श्रम कानून तथा श्रमजीवी पत्रकार ऐनको सोझो उल्लंघन हो । यसबाट आफ्नो व्यावसायिक काममा कानूनी संरक्षण प्राप्त गर्ने पत्रकारको हकको उल्लंघन भएको स्पष्ट हुन्छ ।

सामान्य अवस्थामा पनि श्रमजीवी पत्रकार ऐनको पालना एउटा गम्भीर चुनौतीको रूपमा देखिएको छ । अनुगमन अवधिमा देखिएको एउटा ठूलो समस्या भनेकै पत्रकारलाई समयमा पारिश्रमिक नदिनु हो । नेपाल पत्रकार महासंघको पहलमा धर्ना वा दबावमूलक कार्यक्रम संचालन गरेपछि कतिपय ठाउँमा अल्पकालीन रूपमा समस्या समाधान भए पनि यसको दीर्घकालीन समाधान चुनौतीको विषय बनेको छ । संचार व्यवस्थापनलाई श्रमजीवी पत्रकार ऐन पालना स्वेच्छाको विषय नभई कानूनी दायित्व हो भनेर बुझाउने चुनौती अहिले पनि देखिन्छ ।

अनुगमनले निर्वाचन जस्तो संवेदनशील विषयमा पत्रकारहरू तटस्थ नरहनु नेपाली पत्रकारिता क्षेत्रमा गम्भीर चुनौती रहेको देखाएको छ । यसले तटस्थ, वस्तुनिष्ठ र विश्वसनीय हुनुपर्ने पत्रकारिताका आधारभूत मान्यताका बारेमै आगामी

३ https://www.fnjnepal.org/np/freedom/21

दिनमा गम्भीर बहस हुनुपर्ने देखाउँछ । एकपक्षीय रूपमा प्रस्तुत हुने, दलको कार्यकर्ताका रूपमा परिचय दिने तहमा पत्रकारहरूले गतिविधि गरेको देखिनु प्रेसको विश्वसनीयता माथि प्रश्न हो ।

समाचार संकलन गर्ने क्रममा अहिले पनि पत्रकारमाथि भौतिक आक्रमण गर्ने काम छिटफुट रूपमै भए पनि जारी छ । संचार गृहहरू माथि हस्तक्षेप गर्ने क्रम रोकिएको छैन । जनताका सरोकारका विषयवस्तुहरू माथि रिपोर्टिङ गर्न जाने क्रममा पत्रकारहरूले धम्की सहनु परेको छ ।

अझ गम्भीर पक्ष यस्ता धेरै घटना आज पनि मिलापत्रमा पुगेर टुङ्गिन्छन् । यस्ता कसूरमा संलग्नहरू माथि सामान्यतया राज्यका निकायले अनुसन्धान, अभियोजन र कारबाही प्रक्रिया अघि बढाउँदैनन् । अझ यस्तो कसूरमा संलग्न कतिपय सरकारी कर्मचारीलाई त अभियोजन गर्नु साटो सरुवा गरेर कारबाही हुनबाट जोगाउने काम पनि गरिन्छ । यस्तो दण्डहीनता विरुद्ध बलियो ऐक्यबद्धताको खाँचो छ ।

पत्रकारलाई सूचनाको स्रोतसम्म पहुँच दिनु राज्य संयन्त्रको कर्तव्य हो । सूचनाको स्रोतसम्म पहुँच राख्नु पत्रकारको संवैधानिक हक पनि हो । तर, अहिले पनि राज्यसंयन्त्र र सार्वजनिक पदमा बसेका व्यक्तिहरू नै पत्रकारलाई सूचना दिनबाट रोक्ने र धम्क्याउने जस्ता काममा संलग्न छन् भन्ने अनुगमनबाट देखिन्छ ।

प्राकृतिक स्रोतको उत्खनन गरेको सम्बन्धमा समाचार प्रकाशित गर्दा अहिले पनि पत्रकारले धेरै धम्की सहनुपर्ने अवस्था देखिनु विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि चुनौती हो । यस्ता मामिलामा समाचार लेख्न डराउनुपर्ने वा एक पटक सोचेर मात्रै समाचार लेख्नुपर्ने अवस्था आउनु गम्भीर चिन्ताको विषय हो । 'सेल्फ सेन्सरसिप' लाई प्रोत्साहन गर्ने यस्ता मामिलामा राज्य गम्भीर बन्नु जरूरी छ ।

पछिल्लो समयमा पत्रकारहरूमाथि भौतिक आक्रमणका घटना तुलनात्मक रूपमा न्यून हुँदै गएका छन्, यो सकारात्मक पक्ष हो । तर, समाचार लेखेकै कारण धाकधम्की, मनोवैज्ञानिक दबाव दिने जस्ता कामहरू बन्द नहुँदा यथार्थ बाहिर ल्याउन र विचार व्यक्त गर्न पत्रकारहरू डराउने हुँदा समाजले यथार्थ थाहा नपाउने अवस्था आउन सक्ने देखिन्छ ।

पछिल्लो समय विभिन्न प्रदेश सरकारले मिडिया सम्बन्धी प्रादेशिक कानूनहरू निर्माण गर्न खोज्दा विचार तथा अभिव्यक्ति स्वतन्त्रता नेपालको संविधानले संरक्षण गरेको विषय हो भन्नेमा बेवास्ता गर्न खोजेको देखिन्छ । नेपालको संविधानले व्यवस्था गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकलाई कहीं कतैबाट पनि अतिक्रमण गर्ने प्रयास वर्तमान संविधानको उल्लंघन हो भनेर प्रदेश सरकारहरूलाई बुझाउनु अहिलेको चुनौती हुन पुगेको छ ।

महिला पत्रकारका लागि अहिले पनि कार्यस्थल असुरक्षित छ भन्ने विभिन्न घटना विवरणबाट देखिन्छ । कास्कीमा दुई महिला पत्रकारले कार्यस्थलमा दुर्व्यवहार भोग्नु परेको घटनाले पत्रकारिता क्षेत्र महिलाका लागि अझै पनि चुनौतीपूर्ण छ भन्ने देखाउँछ । यस्ता घटनामा संलग्नहरूलाई माफी माग्न लगाएर छाड्नुले मुलुकका अनुसन्धान, अभियोजन र कारबाहीका प्रक्रिया प्रभावकारी छैनन् भन्ने स्पष्ट हुन्छ ।

पत्रकारहरू चुनाव लगायतका विभिन्न समयमा दलको प्रतिनिधिका रूपमा प्रस्तुत हुनु गम्भीर पेशागत विचलन हो । यो स्पष्टतः पत्रकार आचारसंहिताको उल्लंघन पनि हो । यसले एकपक्षीय र भ्रामक सूचना प्रवाहको खतरा कायमै छ भन्ने देखाउँछ । यस्तो कामबाट तटस्थ र सन्तुलित सूचना र विचार पाउने नागरिक अधिकारको उल्लंघन हुनपुग्छ भन्नेमा पत्रकारहरू स्पष्ट हुनुपर्छ । पत्रकारिता व्यावसायिक र सन्तुलित हुनुपर्छ अनि निर्वाचनको समयमा त यो झन् बढी संवेदनशील हुनुपर्छ भनेर बुझाउने चुनौती झन्-झन् बढ्दो छ ।

सार्वजनिक पदाधिकारीले कुनै समाचार माथि चित्त नबुझ्दा पत्रकारलाई धम्क्याउने गरेको उदाहरण सर्लाहीमा देखिएको छ । प्रदेश सरकारका मन्त्रीले आफ्नो स्वकीय सचिव मार्फत पत्रकारलाई धम्कीपूर्ण भाषा प्रयोग गरेर वक्तव्य जारी गर्नुले यहाँ पत्रकारहरू सुरक्षित वातावरणमा काम गर्न पाइरहेका छैनन् भन्ने देखाउँछ ।

अनुगमन अवधिमा मोरङबाट सञ्चालित तीन वटा एफएम रेडियो र एउटा दैनिक पत्रिका बन्द भएको पाइनु दुःखद् खबर हो । व्यवस्थापकीय क्षमताको अभाव, स्रोत व्यवस्थापन गर्न नसक्दा रेडियोहरू बन्द भएको देखिन्छ । तसर्थ रेडियो स्थापनाका क्रममै स्रोत र व्यवस्थापकीय क्षमताको सुनिश्चितता सम्बन्धमा बहस हुनु जरूरी छ । जिल्लामा लामो इतिहास बनाएको पुष्पाञ्जली साप्ताहिक बन्द हुनु मोरङको पत्रकारिता इतिहासको एउटा अध्यायको अन्त्य हो ।

# जिल्लागत विवरण र त्यसको विश्लेषण

## कैलाली

### विवरण

अप्रिल-मे २०२२ : स्थानीय निर्वाचनमा धेरैजसो पत्रकार राजनीतिक दलका पक्ष र विपक्षमा प्रष्ट रूपमा लाग्न थालेपछि नेपाल पत्रकार महासंघ जिल्ला शाखाले पटक-पटक सचेत गराउनु परेको थियो । यतिसम्म कि यसरी सचेत गराउँदा पनि नमानेपछि शाखाले कारबाही गर्ने चेतावनी समेत दिनु परेको थियो ।

स्थानीय तहको निर्वाचनको मिति घोषणापछि र निर्वाचन र निर्वाचनको परिणाम आउने दिनसम्मका यी दुई महिनामा पत्रकार तथा मिडिया धेरै नै विवादित बने । पत्रकारले पनि राजनीति गर्न थालेको भनेर विभिन्न दलका समर्थक गालीगलौजमा उत्रिएका थिए । यसरी पत्रकारको पक्षधरताका कारण मिडियालाई हेर्ने जनताको दृष्टिकोण बदलिएको छ र मिडियाको विश्वसनीयता घटेको छ ।

अगष्ट-सेप्टेम्बर २०२२ : दशैं-तिहार जस्ता चाडपर्वहरूमा पनि मिडियाले समयमा तलब नदिएको गुनासो सार्वजनिक भयो । ७ जना पत्रकारले तलब नपाएको उजुरी महासंघलाई गरेपछि सम्बन्धित पक्षसँग वार्ता गरेर पारिश्रमिक उपलब्ध गराउने काम भयो ।

जून-जुलाई २०२२ : यो अवधिमा केही मिडियामा कार्यरत पत्रकारहरूले नियमित पारिश्रमिक नपाएको गुनासो गरे । रेडियोमा कार्यरत दुई जना पत्रकारले तलब नपाएको गुनासो गरेपछि सम्बन्धित मिडिया व्यवस्थापकसँग महासंघले छलफल गरेपछि समस्या समाधान भएको थियो ।

फेब्रुअरी-मार्च २०२२ : यो अवधिमा ३ जना पत्रकारले पारिश्रमिक नपाएको मौखिक गुनासो गरे । यस सम्बन्धमा मिडिया व्यवस्थापनसँग कुरा गरेपछि उनीहरूलाई चाँडै पारिश्रमिक दिन प्रतिबद्धता जनाएका थिए ।

अगस्ट-सेप्टेम्बर २०२१ : पछिल्लो दुई महीनाको अवधिमा सुदूरपश्चिम प्रदेशमा पत्रकारहरूले धेरै ठूलो चुनौती अथवा धम्कीका घटना व्यहोर्नु परेन । तर यो अवधिमा कैलालीमा कार्यरत दुई जना पत्रकारलाई स्थानीय जनप्रतिनिधिले गालीगलौज गरेका थिए । नेपाल पत्रकार महासंघको पहलमा यसको समाधान गरिएको थियो ।

अनलाइनले फोटो प्रयोग गर्दा आफूलाई नसोधेको भनेर एक जना जनप्रतिनिधिले पत्रकारलाई धम्की दिएका थिए । समाचार वास्तविक भए पनि अनुमति नलिई फोटो छापेको भनेर उनले पत्रकारलाई धम्की र गालीगलौज गरेका थिए । महासंघको पहलमा ती जनप्रतिनिधिले लिखित माफी मागेका थिए ।

जून-जुलाई २०२१ : कोभिड-१९ का कारण निषेधाज्ञा जारी भएकाले सहज अवस्था रहेन । नागरिकका सरोकारका विषयवस्तु बाहिर ल्याउन मिडियालाई पनि सहज भएन । मिडिया सरोकारवाला निकायसम्म पुग्न नसकेपछि सूचना प्रवाह सहज हुन सकेन ।

कोभिडका कारण नागरिकले सहजै पाउने स्वास्थ्य सेवा, सरकारी निकायबाट लिनुपर्ने सेवासुविधा लगायत कुराहरू रोकिएका थिए । मिडियाको प्रभावकारी उपस्थिति हुन नसक्दा सूचनाको स्रोतसम्मको पहुँच पनि सीमित भएको थियो ।

निषेधाज्ञाका कारण सबै क्षेत्र बन्द रहँदा पत्रकारहरू पनि अधिकांश समय घरभित्रै बस्नुपर्ने अवस्था थियो । खासगरी टेलिभिजनमा काम गर्ने पत्रकारहरूले फिल्ड रिपोर्टिङ गर्दा सुरक्षा निकाय र केही ठाउँमा सर्वसाधारणले नै अवरोध गरेका थिए । निषेधाज्ञाका वेला यस क्षेत्रमा काठ तस्करी पनि निकै बढेको थियो । त्यसक्रममा तस्करीको रिपोर्टिङ गर्ने पत्रकार साथीहरूले धम्की र त्रास व्यहोर्नु परेको थियो ।

डिसेम्बर-जनवरी २०२१ : यो अवधिमा विप्लव माओवादीले बढाएको चन्दा अभियानको समाचार कैलाली जिल्लाका सबै मिडियामा प्रकाशन र प्रसारण भयो । यो समाचार प्रकाशित भएपछि विप्लव समूहले अप्रत्यक्ष रूपमा दिएको

धम्कीले पत्रकार त्रसित भएका थिए ।

'विप्लव माओवादीको व्यापक चन्दा असुली' भन्ने समाचार प्रकाशन तथा प्रसारण पछि उसले पत्रकार क्षेत्रलाई पीत पत्रकारिता गरेको आरोप लगाएको थियो । यसपछि पत्रकार महासंघको पहलमा सरोकारवाला पक्षसँग छलफल गरेर धम्की तथा चेतावनी नदिने सहमति भएको थियो ।

यसबाहेक समाचारको विषयवस्तुलाई लिएर असहमति प्रकट गर्ने, पत्रकार महासंघमा ध्यानाकर्षण गराउने जस्ता घटना भने हरेक महीना जसो हुने गरेका छन् ।

यसबाहेक पत्रकारले सामाजिक संजालमा राजनीतिक पूर्वाग्रह देखिने खालका स्टाटस लेख्ने गरेका कारण समाजको नजरमा पत्रकारहरू तटस्थ हुन्छन् भन्ने मान्यतामा प्रश्न उठेको छ । पत्रकारलाई हेर्ने समाजको दृष्टिकोण नै नकारात्मक देखिने चुनौती बढ्दै गएपछि महासंघले त्यस्ता पत्रकारलाई सचेत गराएको थियो ।

## विश्लेषण

श्रमजीवी पत्रकार ऐनको पालना एउटा गम्भीर चुनौतीको रूपमा देखिएको छ । यस जिल्लामा यो अवधिमा देखिएको एउटा ठूलो समस्या भनेकै पत्रकारलाई समयमा पारिश्रमिक नदिनु हो । संचार व्यवस्थापनलाई श्रमजीवी पत्रकार ऐन पालना स्वेच्छाको विषय नभई कानूनी दायित्व हो भनेर बुझाउने चुनौती अहिले पनि देखिन्छ ।

कोभिड-१९ ले संचार संस्थाको अर्थतन्त्र नराम्ररी प्रभावित पारेको छ । यसको असर मिडिया सञ्चालनमै परेको छ । पत्रकार र कर्मचारीले समयमा पारिश्रमिक पाएका छैनन् । विज्ञापन बजार खुम्चिएको छ । समग्रमा मिडियाको अर्थतन्त्र नै प्रभावित भएको छ । यसको जगेर्ना नगर्ने हो भने समग्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताकै क्षेत्रमा गम्भीर प्रभाव पर्ने देखिन्छ ।

निर्वाचन जस्तो संवेदनशील विषयमा पत्रकारहरू तटस्थ नदेखिनु नेपाली पत्रकारिता क्षेत्रमा गम्भीर चुनौतीको रूपमा देखिएको छ । यसका बारेमा आगामी दिनमा झन् गम्भीर बहस हुनु जरूरी छ । एकपक्षीय रूपमा प्रस्तुत हुने, दलको कार्यकर्ताका रूपमा परिचय दिने तहमा पत्रकारहरूले गतिविधि गर्नु प्रेसको विश्वसनीयता माथि गम्भीर चुनौती हो । यसमा सिङ्गो पत्रकारजगतको ध्यान जानु जरूरी छ ।

# सुर्खेत

## विवरण

जून-जुलाई २०२१ : कर्णाली प्रदेशमा कोभिड-१९ बाट पत्रकारहरू गम्भीर रूपमा प्रभावित भए । सुर्खेत जिल्लामा मात्रै करीब १५ जना र कर्णाली प्रदेशभरिमा ४० भन्दा बढी पत्रकार कोभिडबाट संक्रमित हुन पुगेका थिए । समाचार संकलनका लागि सार्वजनिक ठाउँहरूमा पुग्नुपर्ने भएका कारण उनीहरूले जोखिम उठाएर पनि आफ्नो व्यावसायिक जिम्मेवारी पूरा गरेका थिए । स्वास्थ्यका दृष्टिकोणले हेर्दा पनि पत्रकारको यो काम चुनौतीपूर्ण थियो ।

अक्टोबर-नोभेम्बर २०२१ : सुर्खेतमा दुई पत्रकार अदालती प्रक्रियाबाट पीडित बनेका थिए । सुर्खेतस्थित युग आह्वान दैनिकका प्रकाशक एवं युगन्यूज अनलाइनका संचालक दीपक बुढालाई एसओएस हर्मन माइनर विद्यालयका शिक्षक निराजन शाहीले आफ्नो विरुद्ध समाचार प्रकाशित गरेको भनी अदालतमा मुद्दा दिएका थिए । त्यसमाथि सुनुवाइ गर्दै जिल्ला अदालत सुर्खेतले पत्रकार दीपक बुढालाई तीन महीना कैद र २० हजार जरिवाना तोकेको थियो । पत्रकार दीपक बुढा उक्त फैसलाको पूर्ण पाठको प्रतीक्षामा रहेको र आएपछि पुनरावेदन गर्ने पक्षमा छन् ।

यस्तै अधिवक्ता शेरबहादुर खत्रीले सामाजिक संजालमा नेपाल प्रेस अनलाइन सुर्खेत संवाददाता शेरबहादुर थापाले आफू विरुद्ध मानहानि हुने गरी स्टाटस लेखेको भनेर रिट दर्ता गरेकोमा दुवै पक्षको समन्वयमा पत्रकार थापाले सामाजिक संजालबाट माफी मागेपछि उक्त समस्या समाधान गरिएको थियो ।

अगस्ट-सेप्टेम्बर २०२१ : सुर्खेतका दुई पत्रकार नागरिक दैनिकमा कार्यरत नगेन्द्र उपाध्याय र अन्नपूर्ण पोस्ट्को कालीकोटमा कार्यरत विस्नप्रसाद न्यौपानेले असुरक्षा महसूस गरेका थिए । कर्णाली प्रदेशका तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री कुर्मराज शाहीको यौन भिडियो सम्बन्धी समाचार प्रकाशित भएपछि उनीहरूले केही समय असुरक्षाको महसूस गर्नुपरेको नेपाल पत्रकार महासंघ, सुर्खेत शाखाले जनाएको छ ।

फेब्रुअरी-मार्च २०२२ : कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री छिरिङ डम्डुल लामा (कार्चेन) नजिक रहेका व्यक्तिहरूले दुई पत्रकारलाई धम्क्याएका थिए । लामालाई मूर्ति चोरेको अभियोगमा सजाय काटेको भनेर पत्रकार महासंघ सुर्खेतका उपाध्यक्ष समेत रहेका ग्यालेक्सी फोर केका ब्यूरो प्रमुख सुदीप पुरी र उकेरा डटकममा आबद्ध जगतदल जनाला विकले समाचार लेखेको विषयमा यसरी धम्की दिने काम गरिएको थियो ।

डिसेम्बर-जनवरी २०२२ : सुर्खेतमा अभिव्यक्ति स्वतन्त्रताको हननका दुई वटा घटना भएका छन् । १४ पुस २०७८ मा वीरेन्द्रनगरको वीरेन्द्र चोकमा स्वर्गीय राजा वीरेन्द्रको सालिक राखिएको समाचार भोलिपल्ट रातोपाटी अनलाइनमा प्रकाशित भएपछि राजकुमार शाही, भरत शाही ठकुरी लगायत केही युवाले रातोपाटी अनलाइनका सुर्खेत प्रतिनिधि पंखबहादुर शाहीलाई अपशब्द बोल्दै ज्यान मार्नेसम्मको धम्की दिएका थिए । यसबाट केही दिनसम्म उनलाई समाचार लेख्न र निर्वाध रूपमा हिंडडुल गर्न डराउनुपर्ने अवस्था आएको थियो ।

यही अवधिमा होटल बुलबुले भ्यूको कोठाबाट प्रहरीले लागूऔषध बरामद गर्नुका साथै केही युवासमेत पक्राउ गरेको थियो । सो समाचार प्रकाशित भएको विषयलाई लिएर नेपालीरैवार अनलाइन तथा त्यसका संचालक पत्रकार सुशील खड्कालाई होटल संचालक जनकसिंह ठकुरीले सामाजिक संजालमा अपशब्द प्रयोग गर्दै गालीबेइज्जतीपूर्ण अभिव्यक्ति दिएका थिए ।

## विश्लेषण

समग्रमा पछिल्लो वर्ष सुर्खेतमा केही छिटफुट बाहेक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता उल्लंघनका उल्लेख्य घटना भएको पाइँदैन । राज्य वा कुनै संगठित पक्षबाट पत्रकार र प्रेसजगत विरुद्ध योजनाबद्ध हमला र त्रास सिर्जना गरी अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्ने उद्देश्य राखेको देखिंदैन । जुन विगतको दशकमा आम रूपमा हुने गर्थ्यो ।

तर यति हुँदाहुँदै पनि समाचार लेखेको विषयलाई लिएर पत्रकारलाई धम्की दिने, त्रास सिर्जना गर्ने र भौतिक असुरक्षा महसूस गर्नुपर्ने केही घटना सुर्खेतमा देखिए । सार्वजनिक जवाफदेही हुनुपर्ने पदमा बसेका व्यक्तिहरू समेत त्यसमा संलग्न भएको देखियो । त्यसमा पनि यस्ता घटना सार्वजनिक हुँदा राज्यले कानूनी कारबाहीको प्रक्रिया अघि बढाउन खोजेको देखिएन । यसले विचार तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्ध काम गर्नेहरू माथि कुनै कारबाही नभई दण्डहीनतालाई प्रश्रय दिएको देखियो । यसको अन्त्य हुनु जरूरी छ ।

यसैगरी कोभिड-१९ महामारीमा नेपाली प्रेसले जोखिमपूर्ण काम गर्नु परेको यथार्थ लुकेको छैन । सार्वजनिक ठाउँमा काम गर्नुपर्ने, सूचनाको स्रोत सीमित हुने र आवतजावत प्रभावित भएको बेला काम गर्नुपर्ने भएकोले पत्रकारहरूका लागि यस्तो बेलामा थप प्रोत्साहन जरूरी पर्नेमा राज्यले सामान्य सेवा-सुविधामा पनि ध्यान दिएको पाइएन । यसले परोक्ष रूपमा प्रेस स्वतन्त्रतालाई संकुचन गर्ने देखियो ।

# दाङ

## विवरण

अगष्ट सेप्टेम्बर २०२२ : नेपाल पत्रकार महासंघ दाङ शाखा सदस्य पूर्णप्रकाश विश्वकर्मा (प्रिया स्मृति गजमेर) ले २०७९ असार २४ गतेदेखि नेपाल लाइभ अनलाइनमा काम गरेको पारिश्रमिक नपाएको र पारिश्रमिक माग्दा उल्टै अपशब्द र दुर्व्यवहार खेप्नुपरेको भनेर महासंघमा निवेदन दिनुभएको छ ।

निवेदन प्राप्त हुनासाथ महासंघले प्रेस विज्ञप्ति जारी गरी पत्रकारलाई त्यस्तो व्यवहार नगर्न र तत्काल पारिश्रमिक

उपलब्ध गराउन अनुरोध गरेको थियो । उक्त अनलाइन काठमाडौंबाट सञ्चालन भइरहेकाले यसमा थप समन्वयका लागि महासंघ केन्द्रीय समितिलाई लेखिपठाउने काम भएको थियो । शाखाका तर्फबाट अनलाइनका सञ्चालक र सम्पादकसँग सम्पर्क गरी पारिश्रमिक उपलब्ध गराउन अनुरोध गर्ने काम भएको थियो ।

जून-जुलाई २०२२ : लमही नगरपालिका-५ बगैंचा रोडमा नेपाल पत्रकार महासंघ दाङ कार्यसमिति सदस्य शिवराज खनालमाथि दुर्व्यवहार गरिएको थियो । देउखुरी उपत्यका कृषिमा निर्भर रहेको र धान रोपाइँ गर्नका लागि उन्नत जातको बीउ खोजी गर्दै स्थानीय एग्रोभेटमा पुगेका किसानहरूलाई हाइब्रिड धानको नाममा झुक्याएर अन्य धानको बीउ बिक्री गरेको पाइएको थियो । सो विषयमा समाचार लेखेका कारण खनाललाई लमहीस्थित दर्शन स्वर्गद्वारी एग्रोभेट सेन्टरका सञ्चालक एवं लमही नगरपालिकाका पशु उपशाखा प्रमुख शिवराज न्यौपानेले अपशब्द प्रयोग गर्दै ज्यान मार्ने धम्की दिएका थिए ।

पत्रकार महासंघको टोली तत्काल घटनास्थल पुगी सो सम्बन्धमा अध्ययन गरी दुवै पक्षलाई राखेर छलफल गर्दा पत्रकारलाई धम्क्याउने न्यौपानेले गल्ती स्वीकार गरी माफी मागेपछि अब यस्तो नगर्ने शर्तमा मिलापत्र गरिएको थियो ।

कोरोनाका कारण जिल्लामा दुई जना पत्रकारको ज्यान गएको छ भने ३६ पत्रकार संक्रमित भएका छन् । निषेधाज्ञाका कारण पत्रकारले समयमा तलब नपाएको समस्या भने देखिएको छ । कतिपय मिडियाले कोरोनाको जोखिमलाई मध्यनजर गर्दै सञ्चार संस्थामै बसेर काम गर्ने वातावरण मिलाएका थिए ।

स्थलगत अनुगमनका क्रममा राप्ती गाउँपालिकास्थित रेडियो राप्ती र राप्ती टेलिभिजनका पत्रकारको नियुक्तिपत्र, तलब र काम गर्ने समय सम्बन्धी कुनै निश्चित मापदण्ड नभएको पाइएपछि महासंघले तत्काल व्यवस्थापन समिति राखेर तलब, सुविधा र समय सहितको नियुक्ति पत्रको व्यवस्था गर्न सुझाव दिइएको थियो । त्यसको एक सातामै सञ्चालक समितिको बैठक बसेर पत्रकारहरूको जिम्मेवारी तोकी, नियुक्तिपत्र र तलबको व्यवस्था गरिएको थियो ।

अक्टोबर-नोभेम्बर २०२२ : राप्ती टेलिभिजन र राप्ती रेडियो भालुवाङका समाचार संयोजक सन्तोषकुमार गुप्तालाई सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी समाचार संकलनमा गएको बेला गढवा गाउँपालिका-१ मलमला प्रहरी चौकी, कालाकाटेका इन्चार्ज सई कालुसिंह धानुकले क्यामेरा खोस्ने, धम्क्याउने र अभद्र व्यवहार गर्ने काम गरेका थिए ।

यस विषयमा पत्रकार महासंघ, दाङ शाखाको टोली तत्काल घटनास्थल पुगी जिल्ला प्रहरी कार्यालयमा घटना सम्बन्धमा ध्यानाकर्षण गराएको थियो । यसपछि इलाका प्रहरी कार्यालय, गढवामा दुवै पक्षबीच छलफल गराई दुर्व्यवहार गर्ने प्रहरी अधिकारीले गल्ती महसूस गरी माफी मागेका थिए । त्यसपछि आगामी दिनमा समाचार संकलनमा अवरोध नगर्ने सहमति भएको थियो ।

अप्रिल-मे २०२२ : स्थानीय तह निर्वाचनमा हरेक स्थानीय तहको मतदानस्थल र मतगणना स्थलमा समाचार सम्प्रेषणका क्रममा सबै पत्रकारहरूलाई सहजै प्रवेश दिइएको थिएन । जसका कारण सहज रूपमा निर्वाचनको नियमित अपडेट गर्न पत्रकारलाई समस्या भएको थियो । त्यसैले कतिपय समयमा मतगणनामा रहेका एजेन्ट मार्फत आएका गलत सूचनाका कारण सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचनाहरू पनि सम्प्रेषण भएका थिए ।

अगष्ट-सेप्टेम्बर २०२१ : राप्ती प्रादेशिक अस्पताल तुलसीपुरबाट धेरै बिरामी रिफर हुने गरेको विषयमा समाचार संकलन गर्न गएको अवस्थामा नयाँ युगबोध दैनिकका संवाददाता एकराज भण्डारीलाई अस्पतालमा ड्युटीमा रहेका प्रहरीले अवरोध सिर्जना गरी हातपात र दुर्व्यवहार गरेका थिए ।

अस्पतालमा भण्डारीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय तुलसीपुरमा लगी उहाँलाई थप कुटपिट समेत गरिएको थियो । यस विषयमा पत्रकार महासंघ, दाङ शाखाको टोली प्रहरी र जिल्ला प्रहरी कार्यालयमा पुगेर घटनाप्रति विरोध जनाएको थियो ।

प्रहरीसँगको छलफलपछि पत्रकार भण्डारीलाई दुर्व्यवहार गर्ने प्रहरीलाई विभागीय कारबाही गर्ने सहमति भएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालय, दाङले गल्ती गर्ने प्रहरीलाई तत्कालै सरुवा गरेको थियो ।

अक्टोबर-नोभेम्बर २०२२ : बंगलाचुली गाउँपालिका वडा नम्बर ३ कमिरेचौरस्थित रेडियो बंगलाचुली एफ.एम.मा

एक समूह प्रवेश गरी पत्रकारहरूलाई अभद्र व्यवहार गर्ने, धाकधम्की दिने, रेडियोका कागजपत्र नियन्त्रणमा लिने काम गरेका थिए । उक्त घटनाप्रति पत्रकार महासंघ दाङले प्रेस विज्ञप्ति जारी गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न आग्रह गरेको थियो ।

## विश्लेषण

समाचार संकलन गर्ने क्रममा अहिले पनि पत्रकार माथि आक्रमण गर्ने क्रम जारी छ। संचार गृहहरू माथि हस्तक्षेप गर्ने क्रम रोकिएको छैन। जनताका सरोकारका विषयवस्तुमाथि रिपोर्टिङ गर्न जाने क्रममा पत्रकारहरूलाई धम्क्याइएको छ।

पत्रकारलाई सूचनाको स्रोतसम्म पहुँच दिनु राज्य संयन्त्रको कर्तव्य हो । सूचनाको स्रोतसम्म पहुँच राख्नु पत्रकारको संवैधानिक हक हो। तर अहिले पनि राज्य संयन्त्र र सार्वजनिक पदमा बसेका व्यक्तिहरू नै पत्रकारलाई सूचना दिनबाट रोक्ने, उल्टै धम्क्याउने जस्ता काममा संलग्न छन् भन्नुपर्दा दुःख लाग्छ ।

पत्रकार र संचार गृह माथि हस्तक्षेप गर्ने, पत्रकारलाई सूचनाको स्रोतसम्म पहुँच नदिने र उल्टो कुटपिटमा समेत संलग्न हुनेहरूमाथि समेत राज्य संयन्त्रले कुनै कारबाही चलाउँदैन। यस्ता धेरै घटनामा आज पनि मिलापत्र गर्न पत्रकारजगत बाध्य छ। अझ कतिपय सरकारी कर्मचारीलाई त अभियोजन गर्नु साटो सरुवा गरेर कारबाही हुनबाट जोगाउने काम गरिन्छ। विचार तथा अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले यो अत्यन्तै आपत्तिजनक काम हो ।

# रूपन्देही

## विवरण

फेब्रुअरी-मार्च २०२२ : यी दुई महीनामा समाचार संकलन तथा प्रकाशन गरेको आधारमा रूपन्देहीका पत्रकारमाथि भौतिक आक्रमण भएको छैन । तर प्रकाशित समाचारको विषयलाई लिएर मौखिक रूपमा धम्की दिने र असन्तुष्टि व्यक्त गर्ने काम भने हुँदै आएका छन् ।

अप्रिल-मे २०२२ : समाचार संकलन तथा प्रकाशन गरेको आधारमा रूपन्देहीका पत्रकारमाथि प्रहरीद्वारा भौतिक आक्रमण भएको छ। यस क्रममा मौखिक रूपमा पनि पत्रकारलाई धम्की दिने काम भएको छ।

अक्टोबर-नोभेम्बर २०२२ : यो दुई महीनामा प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन परेकोले राजनीतिक गतिविधि तीव्र थिए। यस क्रममा जिल्लामा अभिव्यक्ति स्वतन्त्रता, मिडिया अधिकार, गलत र भ्रामक सूचना प्रवाह हुने क्रम देखियो। यसले लोकतन्त्र र शान्तिको अवस्थामा केही हदसम्म नकारात्मक प्रभाव पारेको थियो।

जून-जुलाई २०२२ : तिलोत्तमा नगरपालिकाको नगरसभाका क्रममा भएको विवाद सम्बन्धमा समाचार दिएको कारण पत्रकार रेखा भुसाल र यमलाल भुसालमाथि नगरपालिकाका उपमेयर जागेश्वरीदेवी चौधरीले अभद्र व्यवहार गरेकी थिइन्। यस विषयमा नेपाल पत्रकार महासंघ, रूपन्देहीले प्रेस विज्ञप्ति जारी गरेको थियो। त्यसपछि पीडक र पीडित पक्षबीच समन्वय गरेर आइन्दा यस्ता घटना दोहोरिन नदिन सजगता अपनाउने सहमति भएको थियो ।

अगष्ट-सेप्टेम्बर २०२१ : पछिल्लो समय प्रदेश सरकारले संसदमा दर्ता गरेको मिडिया सम्बन्धी विधेयकले संविधानमा व्यवस्था गरेको प्रेस स्वतन्त्रताको अधिकारमाथि नै अंकुश लगाउने संभावना देखियो । विधेयकमा रहेका यस्ता प्रावधानप्रति रूपन्देहीका पत्रकारहरूले छलफल गरी यसको विपक्षमा उभिने निर्णय गरेका थिए।

विधेयक कानून बनेपछि यो कानूनको आधारमा सरकारलाई मिडिया र पत्रकारलाई कैदसम्म गर्न सक्ने अधिकार दिइएकाले यसमा महासंघले हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ । यो विधेयक सुधार गर्न सरकारले प्रतिबद्धता जनाएको छ ।

जून-जुलाई २०२१ : यी दुई महीनामा जिल्लामा पत्रकारमाथि भौतिक आक्रमण हुने वा असुरक्षित हुने घटना भएनन्। तर, मनोवैज्ञानिक त्रासका कारण नदीजन्य पदार्थको उत्खनन, सुशासन तथा राजनीतिक मामिलामा समाचार लेख्दा

'सेल्फसेन्सरसिप'को अवस्था भने सृजना भएको छ । लुम्बिनी प्रदेशका केही जिल्लामा पत्रकारलाई धम्की दिएको घटना सार्वजनिक भएको छ ।

डिसेम्बर-जनवरी २०२१ : पछिल्लो दुई महीनामा समाचार संकलन तथा प्रकाशन गरेको भरमा रूपन्देहीका पत्रकारमाथि भौतिक आक्रमण भएका छैनन् । यद्यपि मौखिक धम्की र असन्तुष्टि भने प्रकट भएका छन् ।

अक्टोबर-नोभेम्बर २०२१ : पत्रकारहरूले गैर-व्यावसायिक आचरण देखाएको उदाहरण भेटिएको छ । जिल्लामा राजनीतिक दलको प्रतिनिधिको रूपमा पत्रकार र स्थायी शिक्षक समेत विभिन्न निकायमा प्रतिनिधित्व गर्ने गरेको भेटिएको छ । यस विषयलाई गम्भीर रूपमा लिई छलफल गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## विश्लेषण

प्राकृतिक स्रोतको उत्खनन गरेको सम्बन्धमा जिल्लामा समाचार प्रकाशित गर्दा धाकधम्की सहनुपर्ने अवस्था देखिनु विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर चुनौतीको संकेत हो । यसमाथि पनि नेपाल पत्रकार महासंघ, रूपन्देहीले यस्ता मामिलामा समाचार लेख्न डराउनुपर्ने वा एक पटक सोचेर मात्रै समाचार लेख्नुपर्ने अवस्था आउनु गम्भीर विषय हो । सेल्फ सेन्सरसिपलाई प्रोत्साहन गर्ने यस्ता मामिला सरकार र सरोकारवाला निकायले गम्भीरतापूर्वक लिनुपर्ने देखिन्छ ।

पछिल्लो समयमा जिल्लामा पत्रकारहरू माथि भौतिक आक्रमणका घटना न्यून हुँदै गएका छन् । यो सकारात्मक पक्ष हो । तर समाचार लेखेकै कारण धाकधम्की, मनोवैज्ञानिक दबाव दिने जस्ता कामहरू तत्काल बन्द गरिनुपर्छ । यसले विचार व्यक्त गर्न पत्रकारहरू डराउने र समाजले यथार्थ थाहा नपाउने अवस्था तत्काल अन्त्य हुनुपर्ने देखिन्छ ।

पछिल्लो समय विभिन्न प्रदेश सरकारहरूले मिडिया सम्बन्धी प्रादेशिक कानून निर्माण गर्न खोज्दा विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुल्चने प्रयास गरेको देखियो । यसमा प्रदेश सरकारहरू गम्भीर बन्नु जरूरी छ । नेपालको संविधानले व्यवस्था गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकलाई कहीं कतैबाट पनि अतिक्रमण गर्ने प्रयास वर्तमान संविधानको उल्लंघन हो ।

पत्रकारहरू चुनाव लगायत विविध अवसरमा दलको प्रतिनिधि बन्नु गम्भीर पेशागत विचलन हो । यो स्पष्टतः पत्रकार आचारसंहिताको उल्लंघन हो । यसले तटस्थ र सन्तुलित सूचना र विचार पाउने नागरिक अधिकारको उल्लंघन गर्ने हुँदा यसतर्फ पत्रकारहरू पनि सचेत हुनु जरूरी देखिन्छ ।

# कास्की

## विवरण

अगष्ट-सेप्टेम्बर २०२१ : प्रदेश सरकारद्वारा जारी आमसंचार विधेयक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विपक्षमा भएकोले नेपाल पत्रकार महासंघले फिर्ता गर्न माग गरेको छ । पत्रकार महासंघले यस सम्बन्धमा विधेयक समितिका संयोजक तथा सदस्यहरूसँग छलफल गरेको थियो ।

संचार प्रतिष्ठानहरूले श्रमजीवी पत्रकार सम्बन्धी ऐन-कानूनको पालना नगर्दा त्यसको प्रत्यक्ष प्रभाव श्रमजीवी पत्रकार हरूमा परेको छ । पछिल्ला दिनमा पत्रकारहरूले महासंघमा यस्ता गुनासा गर्न थालेका छन् । यस्तै संचार प्रतिष्ठानहरूले राज्यले प्रदान गर्ने लोककल्याणकारी विज्ञापन पर्याप्त नभएको गुनासो गरेका छन् ।

अक्टोबर-नोभेम्बर २०२२ : अभिव्यक्ति स्वतन्त्रता र मिडिया अधिकारको दृष्टिबाट अवलोकन गर्दा स्थानीय तथा संघीय निर्वाचनको समयमा विभिन्न संचारमाध्यमले तटस्थ समाचार दिन नसकेको देखिएको छ । केही छिटफुट समाचार पत्रकार आचारसंहिता बाहिर प्रकाशित भएको पनि देखिन्छ । पत्रकारको दलीय आबद्धता उसको समाचारमा प्रकट हुने कुराले पत्रकारिताको विश्वसनीयतामाथि नै प्रश्न उठ्ने अवस्था निर्माण गरेको छ ।

यसैगरी पत्रकारलाई आफू अनुकूलका समाचार सम्प्रेषण गर्न राजनीतिक दल र सो निकट व्यक्तिहरूले दबाव दिने काम गरेका गुनासा प्राप्त भएका छन् । यसले चुनावका बेलामा गलत, एकपक्षीय र मिथ्या खबर प्रकाशन तथा प्रसारण हुने सम्भावना बढाउने देखिन्छ ।

निर्वाचनका समयमा पत्रकारहरूले धम्की सहनु परेको छ । नेपाल पत्रकार महासंघ, कास्की कार्यसमिति सदस्य विजय नेपालीलाई म्यादी प्रहरीको पोशाक सम्बन्धी रिपोर्टिङ गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय, कास्कीका सुरक्षाकर्मीले धम्क्याएका थिए । महासंघले यस सम्बन्धमा प्रश्न उठाएपछि उनीहरूले आत्मालोचना गरी, सम्बन्धित प्रहरीलाई गल्ती महसूस गराई माफी माग्न लगाएर आगामी दिनमा यस्ता कार्य नदोहोऱ्याउने वाचा गर्न लगाइएको थियो ।

जून-जुलाई २०२१ : गण्डकी प्रदेश सरकारले ल्याएको सञ्चार सम्बन्धी विधेयकको विषयमा जिल्लास्तरमा छलफल गरिएको थियो । पत्रकारहरूले गण्डकी प्रदेश सरकारले ल्याएको विधेयक पुनर्लेखन गर्नुपर्ने माग गरेका थिए ।

यस अवधिमा कास्कीमा पत्रकारलाई समाचार लेखेका कारण धम्की दिइएको थियो । पत्रकार यदुनाथ बञ्जरालाई सार्वजनिक जग्गा अतिक्रमणको विषयमा प्रकाशित समाचारलाई लिएर धम्की दिइएको थियो ।

यसैगरी रञ्जन अधिकारी/ढाका मोहन बराल (गणेश) लाई सरकारी विद्यालयमा पाठ्यपुस्तकको लागि विनियोजित रकम हिनामिना गरेको विषयमा प्रकाशित समाचारलाई लिएर विद्यालयका प्रधानाध्यापक र निजका श्रीमान्द्वारा धम्की दिइएको थियो ।

यसैगरी विजय नेपालीलाई कोभिड खोपमा हालीमुहाली शीर्षकमा प्रकाशित समाचारलाई लिएर खेलकुद परिषद गण्डकीद्वारा आफ्नै कार्यालयमा बोलाई आपत्तिजनक व्यवहार गरिएको थियो ।

फेब्रुअरी-मार्च २०२२ : यी दुई महीनामा यस जिल्लामा अभिव्यक्ति स्वतन्त्रता र मिडिया अधिकारको क्षेत्रमा अवलोकन गर्दा खासै उल्लेख्य घटना पाइँदैन । निर्वाचन नजिकिएको बेलामा विभिन्न संचारमाध्यममा छिटपुट रूपमा आचारसंहिता बाहिरका समाचार पनि देखिएका थिए ।

अप्रिल-मे २०२२ : पत्रकारलाई राजनैतिक पूर्वाग्रहका आधारमा चुनावका बेला धम्की दिने काम भएको छ । चुनावी समाचारको विषयलाई लिएर नेकपा एमालेका नेता दामोदर बैरागीले पत्रकार अमृत सुवेदी लगायतलाई अभद्र व्यवहार गरेका थिए ।

डिसेम्बर-जनवरी २०२१ : कास्कीका दुई पत्रकार महिलाहरूमाथि कार्यक्षेत्रमा दुर्व्यवहार भएको थियो । यो विषयमा दोषीलाई माफी माग्न लगाइएको थियो ।

## विश्लेषण

महिला पत्रकारका लागि अहिले पनि कार्यस्थल असुरक्षित छ भन्ने कास्कीको घटनाले देखाउँछ । दुई जना महिला पत्रकारले कार्यस्थलमा दुर्व्यवहार भोग्नु परेको घटनाले पत्रकारिता क्षेत्रमा महिलाको आकर्षण बढाउन नसक्ने स्पष्ट पार्छ । साथै यी घटनामा संलग्नहरूलाई माफी माग्न लगाएर छाड्नुले यस्ता घटनामाथि अनुसन्धान अभियोजन र कारबाहीका प्रक्रिया प्रभावकारी छैनन् भन्ने देखाउँछ ।

अहिले पनि पत्रकारहरूले समाचार लेखेकै कारण धम्कीको सामना गर्नु परिरहेको छ । समाचार चित्त नबुझेको कारण पत्रकार धम्क्याउनुलाई कुनै गम्भीर कसूर मानिंदैन । यसरी धम्क्याउनेहरूमाथि कुनै छानबीन वा अभियोजन हुँदैन । उनीहरूले कारबाहीको सामना गर्नु पर्दैन । यसले विचार र अभिव्यक्ति स्वतन्त्रता विरुद्धका कसूरलाई गम्भीर रूपमा लिइँदैन भन्ने देखाउँछ ।

पत्रकारिता व्यावसायिक र सन्तुलित हुनुपर्छ । निर्वाचनको समयमा त यो झन् बढी संवेदनशील हुनुपर्छ । तर चुनावका मुखमा पत्रकारहरूले दलीय पक्षधरता लिएको, दलका तर्फबाट पत्रकारलाई कुनै खास समाचार लेख्न वा नलेख्न धम्की दिइएको र यस क्रममा पत्रकार स्वयंबाट पनि आचारसंहिता पालना नभएको देखिनु विडम्बनापूर्ण मान्नुपर्छ । यसले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कमजोर बनाउँछ भन्ने हेक्का पत्रकारहरूले पनि राख्नुपर्छ ।

# मकवानपुर

## विवरण

अप्रिल-मे २०२२ : यो अवधिमा स्थानीय तह निर्वाचनमा आचारसंहिता विपरीत भएका क्रियाकलापका सम्बन्धमा समाचार लेखेबापत ७ जना पत्रकारले दुर्व्यवहार भोगेका छन् । राजनीतिक दलका स्थानीय कार्यकर्ताले यस्तो दुर्व्यवहार गरेका थिए । समाचार लेखेकै कारण पत्रकारमाथि धम्की दिएको घटनाको नेपाल पत्रकार महासंघले विरोध गरेको छ ।

फेब्रुअरी-मार्च २०२२ : यो अवधिमा समाचार लेखेकै कारण ३ जना पत्रकारमाथि धाकधम्की दिइयो । उनीहरूमाथि हस्तक्षेप गर्ने अवस्था तयार भयो । नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको पहलमा पत्रकारमाथि धम्की दिने विरुद्ध प्रेस विज्ञप्ति प्रकाशित गरी निन्दा गर्ने काम भयो । यसैगरी युवतीमाथि छुरा प्रहार भएको विषयमा प्रकाशित समाचारलाई लिएर एकजना पत्रकारलाई धम्की दिइएकोमा दुवै पक्षलाई राखी छलफलबाट समस्या समाधान गरिएको थियो ।

जून-जुलाई २०२२ : समाचार लेखेकै आधारमा पत्रकारहरूमाथि धाक, धम्की र हस्तक्षेपको अवस्था यो अवधिमा पनि कायमै रह्यो । समाचार लेखेको आधारमा पत्रकारलाई धम्क्याउने, गालीगलौज गर्ने जस्ता क्रियाकलाप भएपछि फ्रि मिडिया नेटवर्क मार्फत समस्या समाधान गर्न पहल गरिएको थियो ।

अगष्ट-सेप्टेम्बर २०२१ : यो अवधिमा कुनै पनि संचारमाध्यम बन्द भएका छैनन् । अनलाइनहरू खुल्ने क्रम जारी छ । विशेष गरेर विगतमा भएको लकडाउन र निषेधाज्ञाका कारण संचार गृहहरू आर्थिक रूपमा एकदमै कमजोर भएका छन् । सञ्चालकहरूका अनुसार, यसले कर्मचारी व्यवस्थापनमा समस्या भएको छ ।

डिसेम्बर-जनवरी २०२१ : यो अवधिमा मकवानपुरमा पत्रकारको सुरक्षा चुनौती देखिएको छ । केही पत्रकारलाई धम्की दिने काम भएको छ । समाचार लेखेको आधारमा पत्रकारलाई धम्क्याउने, गालीगलौज गर्ने जस्ता केही क्रियाकलाप नियन्त्रण गर्न फ्रि मिडिया नेटवर्कको बैठक बसेर पहल गरिएको थियो ।

अक्टोबर-नोभेम्बर २०२१ : यो अवधिमा केही संचारमाध्यम बन्द भएका छन् । कोरोनाभाइरस संक्रमणको तेस्रो लहरले केही मिडिया बन्द हुने अवस्थामा पुगेका छन् । कतिपय नयाँ अनलाइन मिडिया खुले पनि लकडाउन र निषेधाज्ञाका कारण यसअघिदेखि चल्दै आएका संचार गृहहरू आर्थिक रूपमा एकदमै कमजोर भएको संचालकहरूको भनाइ छ । संचारकर्मीहरूलाई पारिश्रमिक उपलब्ध गराउन पनि समस्या भएको उनीहरूको गुनासो छ ।

## विश्लेषण

समाचार लेखेकै कारण राजनीतिक दलका कार्यकर्ताबाट पत्रकारहरूमाथि दुर्व्यवहार हुनु मकवानपुरमा पनि नयाँ विषय रहेन । समाचारमा चित्त नबुझे उपचार खोज्ने वैकल्पिक व्यवस्था हुँदाहुँदै पत्रकारमाथि आक्रमण गर्न तम्सिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता माथि गम्भीर हस्तक्षेप हो ।

विचार र अभिव्यक्ति स्वतन्त्रता माथि हस्तक्षेप गर्ने उपर अहिले पनि कुनै कारबाही हुने गरेको छैन । मकवानपुरमा पनि पत्रकारमाथि धम्की दिने व्यक्तिसँग मिलापत्र गर्न पत्रकारहरू बाध्य छन् । उनीहरूमाथि कुनै पनि कारबाही चलाइएको छैन । सरकारी निकायहरू अनुसन्धान, अभियोजन र कारबाहीमा उदासीन छन् ।

कोभिड-१९ र त्यसको नियन्त्रणका लागि लागू गरिएको लकडाउनका कारणले संचारमाध्यमको अर्थतन्त्र नराम्ररी खलबलिएको छ । यसको असर समग्र संचार संस्था सञ्चालनदेखि श्रमजीवी पत्रकारको पारिश्रमिकसम्ममा परेको छ । तसर्थ यस्तो प्रतिकूल परिस्थितिमा पनि सञ्चारकर्ममा सक्रिय पत्रकारहरूमाथि अन्याय हुन नदिन नीतिगत व्यवस्था हुनु जरूरी छ ।

# काठमाडौं

## विवरण

अगष्ट-सेप्टेम्बर २०२१ : अभिव्यक्ति स्वतन्त्रता तथा मिडिया अधिकारको सवालमा पछिल्लो दुई महीनाको अवस्था हेर्दा नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कमजोर अवस्थामा छ भन्न सकिन्छ। नेपालको संविधानले प्रदान गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्थालाई बेवास्ता गर्दै संघ तथा प्रदेश सरकारहरूले प्रेस स्वतन्त्रता कुण्ठित पार्ने गरी विभिन्न सञ्चार सम्बन्धी कानून निर्माण गरिरहेका छन्।

पछिल्लो दुई महीनाको अवधिमा काठमाडौं उपत्यकामा मात्रै प्रेस स्वतन्त्रता हननका ९ वटा घटना अभिलेख भएका छन्। तिनमा पत्रकारमाथि धम्की तथा दुर्व्यवहारका ४, पेशागत असुरक्षा ४, पक्राउ १ छन्। नेपाल पत्रकार महासंघले घटनाको सत्यतथ्य छानबीन गरी दोषीमाथि कारबाही गर्न माग गरेको छ।

पेशागत असुरक्षा भोगिरहेका पत्रकारको हकमा सम्बन्धित सञ्चारमाध्यमको व्यवस्थापन पक्षलाई पत्राचार गरी समस्या हल गर्न अनुरोध गरिएको छ।

जून-जुलाई २०२१ : अभिव्यक्ति स्वतन्त्रता तथा मिडिया अधिकारको सवालमा पछिल्लो दुई महीनामा एउटा उल्लेख्य घटना भएको छ। यस बीचमा गृह मन्त्रालयले जारी गरेको एउटा सूचनाले विचार तथा अभिव्यक्ति स्वतन्त्रताका क्षेत्रमा गम्भीर प्रश्न उठाएको थियो। नेपालको संविधानले प्रदत्त गरेको स्वतन्त्रताको हक सम्बन्धी व्यवस्थालाई लत्याउँदै विदेशी परियोजना तथा जयसिंह धामी प्रकरण जस्ता विषयमा समाचार नलेख्न र विचार व्यक्त नगर्न तथा गरेमा कारबाही गर्ने भनेर गृह मन्त्रालयले विज्ञप्ति जारी गरेको थियो।

कोभिड-१९ प्रभावका नाममा विभिन्न सञ्चार गृहले पत्रकारलाई बेतलबी बिदामा राख्ने, लामो समयदेखि सेवा-सुविधा उपलब्ध नगराउने तथा पेशाबाट विमुख गर्ने काम गरेका छन्। महासंघले यस्ता सञ्चार गृहलाई पत्राचार गरी समस्या समाधान गर्न दबाव दिँदै आएको छ।

अक्टोबर-नोभेम्बर २०२१ : पछिल्लो दुई महीनाको अवधिमा काठमाडौं उपत्यकामा प्रेस स्वतन्त्रता हननका दुई वटा घटना अभिलेख भएका छन्। ती घटनामा एक पत्रकारलाई समाचार संकलनमा अवरोध र एक घटनामा पत्रकारमाथि दुर्व्यवहार रहेका छन्। नेपाल पत्रकार महासंघले यी दुवै घटनाको सत्यतथ्य छानबीन गरी दोषीमाथि कारबाहीको माग गरेको छ।

डिसेम्बर-जनवरी २०२२ : यो अवधिमा प्रतिनिधिसभा बैठकको समाचार संकलन गर्न गएका पत्रकारलाई संसद सचिवालयले समाचार संकलनमा रोक लगाएको थियो। प्रतिनिधिसभाको बैठकको समाचार संकलनका लागि पुगेका पत्रकारलाई संघीय संसद भवनको प्रतिनिधिसभामा रहेको पत्रकार कक्षमा 'माथिको आदेश' भन्दै सुरक्षाकर्मीले प्रवेश गर्न रोक लगाएका थिए।

## विश्लेषण

यो अवधिमा नेपालमा विचार र अभिव्यक्ति स्वतन्त्रता हननको एउटा गम्भीर प्रयास भएको तथ्य बाहिर आएको छ। गृह मन्त्रालयले विदेशी परियोजना र जयसिंह धामी प्रकरणमा कुनै विचार व्यक्त नगर्न र समाचार नछाप्न निर्देशन दिने शैलीमा प्रेस विज्ञप्ति जारी गरेको थियो। यो नेपालको संविधान र संचार कानून विरुद्धको कदम थियो। यसले अझै पनि सरकारी संरचनाभित्र नियन्त्रणात्मक सोच भएका मानिस छन् र राज्य संरचना जुनसुकै बेला अभिव्यक्ति स्वतन्त्रता नियन्त्रणका लागि अघि सर्न सक्छ भन्ने देखाउँछ।

संसद सचिवालय जस्तो लोकतान्त्रिक संरचनाभित्र पनि प्रेसलाई नियन्त्रण गर्ने, सूचनाको स्रोतसम्म पहुँच नदिने र पत्रकारलाई जुनसुकै बेला समाचार संकलनमा रोक लगाउने प्रवृत्ति देखिनु गम्भीर चिन्ताको विषय हो। लोकतन्त्रको मन्दिर भनिने संसदमा पत्रकारलाई पहुँचमा नियन्त्रण गरिनु खेदजनक काम हो। यसले आमसञ्चारमाध्यम मार्फत संसदसम्म आफ्नो पहुँच राख्ने नागरिक अधिकारसमेत हनन हुन गएको छ।

कोभिड-१९ को बहानामा विभिन्न सञ्चार गृहले पत्रकारलाई बेतलबी बिदामा राख्ने, लामो समयदेखि सेवा-सुविधा उपलब्ध नगराउने र पेशाबाट विमुख गर्ने काम गर्नु आपत्तिजनक हो । यतिसम्म कि यो संविधान र प्रचलित श्रम कानूनको उल्लंघन हो । यसले आफ्नो व्यावसायिक कामका लागि कानूनी संरक्षण प्राप्त गर्ने पत्रकार हकको उल्लंघन गरेको छ ।

## सर्लाही

### विवरण

अगष्ट-सेप्टेम्बर २०२२ : गोडैतामा नयाँ रेडियो 'बन्धन एफएम' सञ्चालनमा आएको छ । यो सहित जिल्लामा सञ्चालन हुने रेडियोको संख्या १३ पुगेको छ । यही अवधिमा पहिलो खोज डटकम नामक अनलाइन पोर्टल सूचना विभागमा दर्ता भएको छ ।

अक्टोबर-नोभेम्बर २०२२ : विद्युत् अवरोधका कारण ट्रान्समिटर, डाईफल, फिडर लगायत उपकरणमा क्षति पुगेकोले सदरमुकाम मलंगवाबाट सञ्चालित स्वर्णिम एफएम बन्द हुन पुगेको छ ।

फेब्रुअरी-मार्च २०२२ : बागमती टूडे र मलंगवा टूडे नाम गरेका दुई वटा दैनिक पत्रिका जिल्ला प्रशासन कार्यालय, मलंगवामा दर्ता भएका छन् । तर ती दुई पत्रिका नियमित रूपमा प्रकाशन भएको भने देखिँदैन ।

अगष्ट-सेप्टेम्बर २०२१ : कोरोनाभाइरस संक्रमण रोक्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी) सर्लाहीको सिफारिश अनुसार जिल्ला प्रशासन कार्यालय, मलंगवाले निषेधाज्ञा जारी गरेको छ । यसले गर्दा जिल्लाका पत्रकारहरूको आवतजावत प्रभावित भएको छ । यसले समाचारको स्रोतसम्म पत्रकारको पहुँच पुग्न नसकेको र प्राप्त सूचना परीक्षणमा पनि कठिनाइ भएको छ ।

जून-जुलाई २०२१ : पत्रकारहरू कोभिड-१९ बाट प्रभावित देखिएका छन् । नेपाल पत्रकार महासंघका सदस्य एवं गोरखापत्र दैनिक, स्थानीय उज्यालो अभियान दैनिक र लालबन्दीमा रहेको रेडियो एकतामा आवद्ध पत्रकार जनार्दन खत्रीलाई कोरोनाभाइरस संक्रमण देखिएको छ । खत्रीलाई लगातार चौथो पटकसम्म परीक्षण गराउँदा पनि संक्रमण देखिएको थियो ।

सरकारी कार्यालय, बजार तथा यातायात पूर्णरूपले सञ्चालनमा नआएकाले संचारमाध्यमहरूलाई सूचना संकलनमा समस्या देखिएको छ। स्थानीय विज्ञापन बजार प्रभावित भएको छ। दैनिक पत्रिकाहरूको नियमित प्रकाशन बन्द भएको छ । संचारमाध्यमले संचारकर्मी कटौती गर्न थालेका छन् । स्थानीय रेडियोहरूले चाहिं समाचार बुलेटिन कटौती गरेर भए पनि पत्रकारलाई नियमित रूपमा पारिश्रमिक दिएका छन् ।

अक्टोबर-नोभेम्बर २०२१ : प्रदेश दुई सरकारका महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्री वीरेन्द्रप्रसाद सिंहका स्वकीय सचिव निकेश त्रिपाठीले कान्तिपुर दैनिकमा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भएको भन्दै प्रेस विज्ञप्ति जारी गरेका छन् ।

सो दैनिकमा प्रकाशित समाचार गलत भएको भन्दै समाचारदातालाई कारबाहीको माग राखेर उनले प्रेस विज्ञप्ति जारी गरेका थिए । समाचारप्रति चित्त नबुझे सम्बन्धित मिडियामा खण्डन पठाउनुपर्नेमा सो प्रक्रिया पूरा नगरी मन्त्रीका स्वकीय सचिव त्रिपाठीले प्रेस विज्ञप्ति नै सार्वजनिक गरेर स्वतन्त्र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्न खोजेका थिए ।

डिसेम्बर-जनवरी २०२१ : कोरोनाभाइरसको संक्रमण रोक्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी) सर्लाहीको सिफारिश अनुसार जिल्ला प्रशासन कार्यालय, मलंगवाले जारी गरेको निषेधाज्ञाका कारण पत्रकारहरूले आफ्नो कार्य क्षेत्रमा सहज रूपमा काम गर्न पाएनन् । तर कोरोनाभाइरस संक्रमण दर घट्दै गएपछि जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा हटाएपछि अगस्ट र सेप्टेम्बर महीनायता भने पत्रकारहरूले केही सहजताका साथ रिपोर्टिङ गर्ने काम गरिरहेका छन् । मिडियाहरू विस्तारै सामान्य अवस्थामा सञ्चालनमा आउन थालेका छन् ।

## विश्लेषण

सार्वजनिक पदमा बसेका पदाधिकारीले कुनै समाचारमाथि चित्त नबुझ्दैमा पत्रकारलाई धम्क्याउने काम सर्लाहीमा पनि देखिएको छ । प्रदेश सरकारका मन्त्रीले आफ्नो स्वकीय सचिव मार्फत पत्रकारलाई धम्कीपूर्ण भाषा प्रयोग गर्नुले यहाँ पत्रकारहरू सुरक्षित वातावरणमा काम गर्न पाइरहेका छैनन् भन्ने देखिन्छ ।

अन्यत्र झैं कोभिड-१९ को महामारीले सर्लाही जिल्लामा पनि पत्रकारहरूलाई काम गर्न असजिलो बनाएको छ । खासगरी निषेधाज्ञा जारी भएपछि पत्रकारहरूले सूचनाको स्रोतसम्मको आफ्नो पहुँच गुमाएका थिए भने प्राप्त सूचना परीक्षण गर्नमा कठिनाइ भएको थियो ।

प्रेसमाथि धाकधम्की र कोभिड-१९ को महामारी कायमै रहेको अवस्थामा पनि जिल्लामा नयाँ-नयाँ पत्रिका दर्ता हुने, अनलाइनमाध्यमहरू सूचीकृत हुने क्रम जारी छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका दृष्टिले यो सकारात्मक पक्ष हो ।

# धनुषा

## विवरण

अगष्ट-सेप्टेम्बर २०२२ : मधेश प्रदेश आमसञ्चार प्राधिकरणले प्रदेशस्तरमै अनलाइन सञ्चालन गर्नेहरूलाई अनुमति दिन थालेपछि त्यसरी अनलाइन दर्ता गराउनेहरूको संख्या उल्लेख्य रहेको जानकारी प्राधिकरणबाट प्राप्त भएको छ ।

तर यसरी प्रदेशस्तरमा दर्ता गरिएका अधिकांश अनलाइन प्रायःजसो राजनीतिक दलका नेता, कार्यकर्ताबाट सञ्चालनमा आएको देखियो । तिनका विषयवस्तुहरू हेर्दा पनि सम्बन्धित पार्टीका पक्षमा समाचार सामग्री बनाउने र सम्प्रेषण गरेको देखिन्छ ।

लोकतन्त्रलाई सुदृढ गर्न स्थानीय तह निर्वाचनमा धेरै हदसम्म तटस्थ सामग्री प्रकाशन-प्रसारण गर्न धनुषाका सञ्चारकर्मीहरूले भूमिका निर्वाह गरेका थिए । यस अवधिमा अधिकांश सञ्चारमाध्यम र सञ्चारकर्मीहरूले निर्वाचन सम्बन्धी विषयहरूलाई नै समाचारको मुख्य विषयवस्तु बनाएका थिए ।

मार्च-अप्रिल २०२२ : यी दुई महीना स्थानीय तह निर्वाचनका कारण निकै चुनौतीपूर्ण रहे । सञ्चारकर्मीहरूमध्ये कतिपयले दल र उम्मेदवारका कार्यकर्ताको रूपमा निर्वाचन प्रचारप्रसारमा सहभागी भएको पाइयो । अझ त्यसमध्ये पनि कतिपयले त स्वतन्त्र पत्रकारिताको मूल मर्मलाई कुण्ठित गरेर उम्मेदवारहरूको लागि भोट माग्ने काम गरेको भेटियो । सञ्चारकर्मी स्वतन्त्र, निष्पक्ष र तटस्थ भूमिकामा देखिनुपर्नेमा धेरैले त्यो भूमिका निर्वाह गरेको देखिएन ।

जून-जुलाई २०२२ : जनकपुरबाट सञ्चालित जानकी टेलिभिजनमा कार्यरत सञ्चारकर्मी मौसम झा समाचार संकलनका लागि धनुषाको बटेश्वर गाउँपालिकाका अध्यक्षसँग कुरा गर्न खोज्दा उनले आफ्नो कार्यकक्षमै पत्रकार झालाई कुटपिट गर्न खोजेका थिए । यस विषयलाई लिएर धनुषाका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर कानूनी उपचार खोज्ने काम गरिएको थियो ।

यसैगरी जानकी टिभीमै कार्यरत सञ्चारकर्मी कुलदीप प्रेमलाई सो टेलिभिजनले सेवाबाट हटाएको र उनको तीन महीनाको तलब समेत रोकिएको थियो । नेपाल पत्रकार महासंघ, धनुषाको पहलमा उनलाई सेवामा राख्ने र बाँकी समयको तलब भुक्तानी गराउने गरी समस्या समाधान गरियो ।

नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको आयोजना र नेपाल पत्रकार महासंघ, धनुषा शाखाको समन्वयमा ४० जना नवप्रवेशी संचारकर्मीलाई चारदिने आधारभूत पत्रकारिता तालिम दिइयो ।

अक्टोबर-नोभेम्बर २०२२ : मंसिर पहिलो सातामै प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन भएको हुँदा सञ्चारकर्मीहरूको ध्यान निर्वाचनमा थियो । निर्वाचनमा संवेदनशील भएर सञ्चारकर्मीहरूले तटस्थ, निष्पक्ष र जिम्मेवार भई समाचार सामग्री उत्पादन गर्नुपर्नेमा धेरैजसो सञ्चारकर्मी अभाव, दबाव र प्रभावमा परेको अनुभूति भएको छ ।

जून-जुलाई २०२१ : एक वर्षदेखि तलब भत्ता नपाएका कतिपय सञ्चारकर्मी मिडियाबाट बाहिरिन बाध्य भएका थिए । लकडाउन केही खुकुलो भएपछि पत्र-पत्रिका पुनः प्रकाशन हुन थाले पनि आर्थिक अभावले थला परेको सञ्चार क्षेत्र उँभो लाग्न सकेको छैन ।

आर्थिक वर्षको अन्त्यमा विभिन्न स्थानीय तह र प्रदेश सरकारबाट भएका भ्रष्टाचारहरूको विषयमा सञ्चारकर्मीहरूले समाचार लेखेका कारण व्यक्तिगत धाकधम्की खेप्नु परेको छ । भ्रष्टाचार सम्बन्धी समाचार लेखेकै कारण कतिपय स्थानीय तहका प्रमुखहरूले पत्रपत्रिकाको विज्ञापन रकम समेत निकासा गर्न नमानेर सञ्चारगृहलाई निकै तनाव दिएका छन् ।

डिसेम्बर-जनवरी २०२१ : डा. सिके राउत नेतृत्वको जनमत पार्टीले राष्ट्रिय सभा निर्वाचनलाई लक्षित गरी जनकपुरमा गरेको विरोध प्रदर्शनमा पत्रकारसँग प्रहरीले दुर्व्यवहार गरेको थियो । पछिल्लो दुई महीनामा धनुषा र मधेश प्रदेशमा यस्ता थुप्रै घटनाक्रम भएका छन् जसले अभिव्यक्ति स्वतन्त्रता, मिडिया अधिकार र शान्ति सुव्यवस्थामाथि नै प्रश्न उठाएको छ। जस्तो कि प्रदेशको नामकरण र राजधानी तोक्नका लागि प्रदेश सभामा भएको मतदानमा सञ्चारकर्मीलाई प्रवेश दिइएन ।

प्रदेशभरिका जनताको लागि निकै महत्वपूर्ण र चासोको विषयका रूपमा रहेको प्रदेशको नामकरण र राजधानीको विषयमा निर्णय हुने दिनमा सञ्चारकर्मीहरूलाई समाचार संकलनमै रोक लगाइनु दुःखद् थियो । यो संचारमाध्यम मार्फत वास्तविकता थाहा पाउने नागरिक अधिकारको उपेक्षा थियो ।

यसैगरी नेपाल रेल्वे कम्पनी लिमिटेड अन्तर्गत रेल सञ्चालनका लागि कर्मचारी नियुक्त भइरहेको विषयमा पनि पत्रकारलाई समाचार संकलन गर्न रोक लगाइएको थियो ।

## विश्लेषण

अध्ययन अवधिमा धनुषामा पत्रकारहरूलाई समाचारको स्रोतसम्म पहुँच नदिन प्रयास भएको थियो । पत्रकारले सूचनाको स्रोतसम्म पहुँच नपाउँदा त्यहाँको यथार्थ अवस्था बाहिर आउन सक्दैन । यसरी पत्रकारलाई सूचनाको स्रोतसम्म पहुँच नदिनु विचार र अभिव्यक्ति स्वतन्त्रतामा नियन्त्रण र वर्तमान संविधानको उल्लंघन हो ।

यस अवधिमा धनुषामा पत्रकारमाथि भौतिक आक्रमण भएको छ । विडम्बना यस्तो आक्रमणमा संलग्न व्यक्ति सार्वजनिक पदधारण गर्नेमध्येमा पर्छन् । उनीमाथि कुनै कारबाही भएको छैन । अझ अहिलेसम्म पनि उनीमाथि कुनै अभियोजन छैन । यसले प्रेस तथा विचारको स्वतन्त्रतामाथि जसले जे गरे पनि हुन्छ भन्ने भाष्य स्थापित गर्दै लगेको छ ।

अनुगमन अवधिमा धनुषामा पत्रकार आचारसंहिताको पालना निकै कमजोर देखियो । तटस्थ हुनुपर्ने र व्यावसायिक कर्म गर्नुपर्ने पत्रकारहरू कुनै दलको पक्षमा कार्यकर्ताको रूपमा सार्वजनिक जीवनमा देखिनु पत्रकारिताको विश्वसनीयतामा गम्भीर प्रश्न हो । यसले प्रेस जगतलाई कमजोर बनाउने र यसमाथि हुने हमलामा प्रतिवाद गर्न पनि असजिलो बनाउँछ ।

# सुनसरी

## विवरण

फेब्रुअरी-मार्च २०२२ : इटहरी उपमहानगरपालिकाका मेयर द्वारिकालाल चौधरीले प्रदेश पोर्टल अनलाइनका प्रबन्ध सम्पादक प्रेम बास्तोलालाई सामाजिक सञ्जालमार्फत अपशब्द प्रयोग गर्दै धम्की दिएका थिए । यसले समाचार लेखेका कारण पत्रकारहरूले धम्की सहनुपर्ने बाध्यता कायमै रहेको देखाउँछ ।

इनरुवामा कार्यालय भएको सुनसरी अनलाइनका प्रकाशक तथा पत्रकार टोमराज मेहतालाई बाटो छेकेर भौतिक आक्रमण नै गरिएको थियो । यसरी आक्रमणमा संलग्न तेराजुद्दिन अन्सारीलाई जिल्ला प्रहरी कार्यालय इनरुवामा माफी मगाई छोडिएको थियो । यसले पत्रकार विरुद्धका कसूरहरूमा अहिले पनि दण्डहीनता कायमै छ भन्ने देखाउँछ ।

बराह क्षेत्रमा कार्यालय रहेको सुनसरी सामुदायिक एफएम बन्द भएको छ । बन्द हुनको कारण- कमजोर व्यवस्थापन रहेको विवरणमा उल्लेख छ । यसले अहिले पनि नेपालमा सामुदायिक रेडियो सञ्चालन गर्नु चुनौतीपूर्ण काम हो भन्ने देखाउँछ ।

अप्रिल-मे २०२२ : स्थानीय निर्वाचनमा जिल्लाका केही पत्रकारहरू दलीय हिसाबले खुलेर देखा परेका थिए । उनीहरूले राजनीतिक दलका लागि खुलेर भोट माग्ने काम गरेका थिए । यसरी पत्रकारहरूमा दलीय पक्षधरता देखिनु पत्रकारिताको मर्यादा र तटस्थतामाथि प्रश्न उठ्ने काम थियो ।

जून-जुलाई २०२२ : आम निर्वाचन पूर्व र निर्वाचनका क्रममा पनि केही पत्रकारहरूले राजनीतिक पक्षधरता देखाएका थिए । उनीहरूको त्यस्तो पक्षधरता सामाजिक सञ्जालमा समेत देखिएको थियो । यतिसम्म कि केही पत्रकारहरू त राजनीतिक दलको प्रचार विभागमा पनि बसेका थिए । वस्तुनिष्ठ र व्यावसायिक पत्रकारिता गर्नुपर्ने जिम्मेवारी बोकेका पत्रकारहरू कुनै राजनीतिक दलका अभियन्ता देखिनु पेशाका लागि गम्भीर चुनौती थियो ।

दुहबी नगरपालिकालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गरिरहेका पत्रकार चन्दन रौनियारलाई सोही क्षेत्रमा आयोजना गरिएको एउटा मेलाका आयोजकले दुर्व्यवहार गरेका थिए । यसबारेमा पीडकसँग छलफल गरेर विवाद टुङ्ग्याइएको थियो । यसले अहिले पनि पत्रकारमाथि दुर्व्यवहार गर्नु दण्डनीय कसूर मानिंदैन भन्ने देखाउँछ ।

डिसेम्बर, जनवरी २०२२ : उदयपुरका पत्रकार गजेन्द्र राईलाई विद्युतीय कारोबार ऐनअन्तर्गत पक्राउ गरिएको थियो । समाचार लेखेको विषयमा पत्रकारलाई प्रेस काउन्सिलले नियमन गर्नुपर्नेमा पत्रकारितासँग सरोकार नराख्ने विद्युतीय कारोबार ऐनको प्रयोग हुनु गम्भीर घटना थियो । यसले अहिले पनि असान्दर्भिक कानून प्रयोग गरेर पत्रकारलाई दुःख दिने प्रवृत्ति कायमै रहेको देखाउँछ ।

## विश्लेषण

सुनसरी जिल्लाको विवरणले के देखाउँछ भने आज पनि पत्रकारहरूमाथि भौतिक हमला कायमै छ । उनीहरू कार्यस्थलमा दुर्व्यवहार भोग्न विवश छन् । आमसञ्चारमाध्यम चलाउनु अहिले पनि चुनौतीपूर्ण काम हो ।

पत्रकारहरूमाथि आक्रमण र हिंसामा संलग्न व्यक्तिहरूमाथि अहिले पनि गम्भीर कसूरमा कारबाही प्रक्रिया अघि बढाइँदैन । उनीहरूलाई नाममात्रको कागज गराएर छाडिन्छ वा मिलापत्र गराएर उन्मुक्ति दिइन्छ ।

कतिपय पत्रकारहरूको आचरणका कारण अहिले पनि सिङ्गो पत्रकारिता क्षेत्रले गम्भीर आक्षेपको सामना गर्नु परिरहेको छ । पत्रकारहरू राजनीतिक दलको कार्यकर्ता बन्ने, अभियन्ता बन्ने र पाठक, दर्शक तथा श्रोताको नजरमा तटस्थ नरहने खतरा कायमै छ । गएको स्थानीय र संघीय निर्वाचनमा सुनसरी जिल्लाका केही पत्रकारहरूको व्यवहारले पत्रकारिताको तटस्थ रहनुपर्ने प्रेसको सार्वजनिक जिम्मेवारीमाथि नै प्रश्न उठाएको छ ।

# मोरङ

## विवरण

अप्रिल-मे २०२२ : स्थानीय तह निर्वाचनको मतगणनाका क्रममा एकपक्षीय रिपोर्टिङ गरेको आरोपमा रंगेलीमा पत्रकार रवीन्द्र बरालमाथि आक्रमण भयो । पत्रकार महासंघले प्रहरी प्रशासनको ध्यानाकर्षण गराउँदै विज्ञप्ति जारी गरेर यो घटनामा विरोध जनाएको थियो । प्रहरीले आक्रमणमा संलग्नलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएको थियो ।

जून-जुलाई २०२२ : विराटनगरबाट सञ्चालित नेपाल लाइभ अनलाइन टिभीमा प्रसारित सामग्रीका विषयमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले पत्रकारलाई बलात्कारी बनाउनेसम्मको धम्की दिएका थिए । सो कार्यको नेपाल पत्रकार महासंघले विज्ञप्ति मार्फत विरोध जनाएको थियो । मन्त्री पदमा बसेको व्यक्तिको सो अभिव्यक्तिले सम्पूर्ण पत्रकारलाई चिन्तित बनाएको थियो ।

विचार र अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले अर्को दुःखद् खबर छ । पछिल्लो दुई महीनाभित्र जिल्लाबाट सञ्चालित पथरी एफएम, रेडियो रिदम र रेडियो सिम्रिकको प्रसारण बन्द भएको छ । जनशक्तिको अभाव, रेडियो आम्दानीको स्रोत घटेका कारण यी रेडियोहरू बन्द भएका हुन् ।

अगष्ट-सेप्टेम्बर २०२२ : विराटनगरबाट सञ्चालित नेपाल लाइभ अनलाइन टिभीमा विराटनगर-६ मा निर्मित सेल्फी पुलका सम्बन्धमा प्रसारित सामग्रीका विषयमा सामाजिक सञ्जाल मार्फत सम्पादक सोनु दासलाई स्थानीय विशाल बहादुरी, ललन मण्डलले धम्की दिएका थिए । यस विषयमा महासंघले विज्ञप्ति मार्फत विरोध जनाएको थियो ।

अगष्ट-सेप्टेम्बर २०२१ : मोरङको सुन्दरहरैंचा-७ गोठगाउँमा बजार अनुगमनको समाचार संकलनका लागि पुगेका मकालु टिभीका पत्रकार रेवती निरौला र रातो ताराका पत्रकार शिव भट्टराईमाथि दुर्व्यवहार भएको थियो । पत्रकारद्वयले पसलबाट उपभोग्य मिति सकिएका वस्तुहरू जफत गर्दै गरेको दृश्य कैद गर्दा स्थानीय व्यापारी अनुरोध साहले दुर्व्यवहार गरेका थिए । उनले पत्रकारलाई धकेल्ने, क्यामेरा खोस्ने प्रयास गर्नुका साथै भिडियो डिलिट गर्न दबाव दिएका थिए ।

यो अवधिमा पत्रिका बन्द भएको दुःखद् खबर पनि छ । मोरङमा पछिल्लो दुई महीनामा पुष्पाञ्जली साप्ताहिक पत्रिका बन्द हुनपुगेको छ । पत्रिकाका सम्पादक/प्रकाशक पुष्पराज गड्तौलाको निधनपछि सो पत्रिका प्रकाशन हुन छाडेको हो ।

अक्टोबर-नोभेम्बर २०२१ : विराटनगर ११ केशलिया रोडमा नाला सरसफाइ सम्बन्धी विवाद भइरहेको विषयको समाचार संकलन गर्न पुगेका नेपाल पत्रकार महासंघ, मोरङ कार्यसमिति सदस्य तथा रणभूमि साप्ताहिकका कार्यकारी सम्पादक पवन विक्रम साहमाथि दुर्व्यवहार भएको छ ।

सो घटनाको नेपाल पत्रकार महासंघ मोरङले विज्ञप्ति जारी गरी विरोध जनाएको छ । पत्रकार साहलाई दुर्व्यवहार गर्ने 'वेष्ट म्यानेजमेन्ट ग्रुप' विराटनगरका प्रमुख देवी आचार्यले सञ्चार उपकरण खोस्ने तथा पत्रकार साहलाई धकेल्ने काम गरेर आफूबाट गल्ती भएको स्वीकार गरेका थिए ।

पत्रकारहरूमाथि छिटपुट रूपमा दुर्व्यवहार गर्ने घटना भइरहेका छन् । व्यापारी-व्यवसायीहरूले आफ्नो चाहना विरुद्ध समाचार सम्प्रेषण भएको भनेर पत्रकारलाई निशाना बनाउने, दुर्व्यवहार गर्ने गरेको पाइएको छ । पछिल्लो समय पत्रकार कमल रिमाललाई स्थानीय टेलर्स सञ्चालकले आफू विरुद्ध समाचार सम्प्रेषण गर्न खोजेको भनेर समेत दुर्व्यवहार गरेका थिए

डिसेम्बर-जनवरी २०२१ : जिल्लाको विज्ञापन जिल्लाकै सञ्चारमाध्यमलाई प्राथमिकतामा राख्न नेपाल पत्रकार महासंघ मोरङ शाखाले प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल लगायत कार्यालय प्रमुखसँग छलफल गरेको छ । जिल्लाका विभिन्न सरकारी तथा अन्य कार्यालयहरूले स्थानीय संचारमाध्यममा नदिई बाहिरका संचारमाध्यममा विज्ञापन दिने गरेपछि स्थानीय संचारकर्मीहरूले यसमा प्रश्न उठाउँदै आएका छन् ।

## विश्लेषण

समाचार लेखेकै कारण पत्रकारहरूमाथि आक्रमण गर्ने क्रम रोकिएको छैन । समाचार चित्त नबुझ्े उजुरी गर्न सक्ने कानूनी र पत्रकार आचारसंहिताका प्रावधान बेवास्ता गर्दै आक्रमण गर्न तम्सिने क्रम समाजमा जारी छ । यसबाट पत्रकारहरू भौतिक रूपमै जोखिम व्यहोर्न बाध्य छन् ।

मोरङबाट सञ्चालित तीन वटा एफ.एम. रेडियो र एउटा दैनिक पत्रिका बन्द हुनु दुःखद् खबर हो । व्यवस्थापकीय क्षमताको अभाव, स्रोत व्यवस्थापन गर्न नसक्दा रेडियोहरू बन्द भएको बुझिन्छ । तसर्थ रेडियो सञ्चालनका क्रममै स्रोत र व्यवस्थापकीय क्षमता माथि विचार हुनु जरूरी छ । जिल्लाबाट लामो इतिहास बनाएको पुष्पाञ्जली साप्ताहिक बन्द हुनु मोरङ पत्रकारिताको एउटा इतिहासको अन्त्य हो ।

जिल्लाका जनचासोका विषयहरू समेत केन्द्रका संचारमाध्यमहरूमा विज्ञापनका रूपमा छापिनु गम्भीर चासोको विषय हो । यसले स्थानीय सूचनामा निर्भर विज्ञापन समेत केन्द्रका संचारमाध्यममा छापिने विडम्बनापूर्ण अवस्था देखाउँछ भने स्थानीय साधन-स्रोत स्थानीय सञ्चारमाध्यममा प्रयोग नहुने अवस्था निर्माण हुन्छ । यसतर्फ नीतिगत व्यवस्था हुनु जरूरी छ ।

**सुझाव :**

(१) देशभरिको समग्र अवस्था हेर्दा पत्रकारमाथि धाक, धम्की र हमला नेपाली प्रेस विरुद्ध हुने ठूलो आक्रमण देखिन्छ । प्रायः सबै जिल्लामा पत्रकारमाथि धेरथोर संख्यामा धम्की, आक्रमण र हमला भएको पाइन्छ । यो अनुगमन प्रतिवेदनले धम्की र आक्रमण मुलुकमा विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि सबभन्दा ठूलो हस्तक्षेप हो भन्ने स्पष्ट गर्छ । तसर्थ सरकार, सरोकारवाला निकाय यसमा गम्भीर हुनु जरूरी छ ।

(क) सरकारले पत्रकारमाथि हुने आक्रमण र धम्कीका घटनामा दण्डहीनता अन्त्य गरी, अनुसन्धान, अभियोजन र न्याय प्रभावकारी बनाउनेतर्फ ध्यान पुऱ्याउनुपर्छ ।

(ख) पत्रकारहरू अघिल्लो पंक्तिका मानवअधिकार रक्षक पनि भएका कारण उनीहरूको असुरक्षा समग्र मुलुकको मानवअधिकार हनन्को विषय बन्नुपर्छ । यसका लागि राष्ट्रिय मानवअधिकार आयोगसहित मानवअधिकार क्षेत्रसँग समन्वय गरेर यसको संवेदनशीलता बुझाउनु जरूरी छ ।

(ग) नेपाल पत्रकार महासंघ जस्तो छाता संस्था अब पत्रकारलाई कसरी कार्यस्थलमा सुरक्षित बनाउने भन्नेमा नीतिगत र कार्यक्रमगत रूपमा केन्द्रित हुनु जरूरी छ । यसमा यसरी आक्रमण हुनुपूर्व, आक्रमण हुने क्रममा र पछिको अवस्थामा कसरी रोकथाम र उपचार प्रभावकारी बनाउने भन्नेमा ध्यान दिनु जरूरी हुन्छ । पत्रकार सुरक्षा मामिलामा छलफल र तालिम चलाउनु यसको पहिलो कदम हुनसक्छ ।

(२) पत्रकारहरूले व्यावसायिक आचरणको पालना नगरेका कारण उनीहरूको विश्वसनीयता गुम्दै गएको रउनीहरू संकटमा पर्दै गएको यो अनुगमन प्रतिवेदनले देखाएको छ । निर्वाचन जस्तो संवेदनशील विषयमा समेत एकपक्षीय समाचार सम्प्रेषण गर्नु, अझ कतिपय पत्रकार त दलको संरचनामा नै सामेल हुनुले पत्रकारिता पेशामा गम्भीर विचलन आएको देखिन्छ । जतिसक्दो छिटो यसको उपचार खोजिनु जरूरी छ ।

(क) चुनावका बेला जारी आचारसंहिता र पत्रकार आचारसंहिता प्रति देशभरि पत्रकारलाई अभिमुखीकरण जरुरी देखिएको छ । प्रेस काउन्सिल नेपालको सहयोग र समन्वयमा व्यावसायिक र तटस्थ पत्रकारिता सम्बन्धी तालिम देशभर चलाउन नेपाल पत्रकार महासंघले पहल लिनु जरूरी देखिन्छ ।

(ख) नेपाल पत्रकार महासंघ अन्तर्गतको पत्रकार आचारसंहिता अनुगमन समिति मार्फत पनि पत्रकारको आचरण माथि छलफल र बहस चलाउनु जरूरी देखिन्छ । आफ्नो सार्वजनिक पहिचान पत्रकार नभएर दलको कार्यकर्ता देखाउन इच्छुक पंक्तिलाई महासंघबाट समेत विदा गर्नेतर्फ कार्ययोजना बनाउनु उपयुक्त हुने देखिन्छ ।

(३) न्यूनतम पारिश्रमिक अहिले पनि नेपाली पत्रकारिता क्षेत्रमा एउटा मूल समस्या देखिन्छ । देशभर यो समस्या रहेको अनुगमनबाट देखिन्छ ।

(क) तसर्थ न्यूनतम पारिश्रमिक पत्रकारको आधारभूत अधिकार हो, यो नदिनु भनेको प्रचलित कानुनको उल्लंघन हो भन्नेमा नेपाल सरकारलाई नीतिगत र कार्यक्रम गत रूपमा कार्ययोजना बनाउन महासंघले दबाव दिनु जरूरी छ ।

(ख) न्यूनतम पारिश्रमिक नपाउने अवस्थाका सम्बन्धमा यो अनुगमन प्रतिवेदनले औंल्याएका तथ्यहरूमा न्यूनतम पारिश्रमिक निर्धारण समिति लगायत सरकारका निकायसँग छलफल चलाई यसको व्यावहारिक संवेदनशीलता बुझाउनु आवश्यक देखिन्छ ।

(ग) यसको अलावा नेपाल पत्रकार महासंघले न्यूनतम पारिश्रमिक उपलब्ध गराउने सन्दर्भमा हाल राजधानीमा गर्दै आएको दबावमूलक कार्यक्रमको समीक्षा गरेर यसमा कानूनी उपचारको दीर्घकालीन मार्ग पहिचान गर्ने लगायत, देशभरि अवलम्बन गर्ने उपायका सम्बन्धमा थप छलफल हुनु जरूरी देखिन्छ ।

४ भ्रमपूर्ण सूचना प्रवाह हुने गरेको अनुगमन प्रतिवेदनले पनि झल्को दिएको छ । यस्तो कार्यले पत्रकारिताको विश्वसनीयता गुमाउने हुँदा सरकार र सरोकारवाला निकाय र पत्रकारहरू यसमा गम्भीर हुनुपर्ने देखिन्छ । यसमा सरकारले पत्रकारितामा विश्वसनीयता अभिवृद्धिका लागि तालिम, कार्यशाला सञ्चालन गर्न सहयोग गर्न सक्छ भने महासंघले यसका लागि जिम्मेवारी लिनु आवश्यक हुन्छ । तथ्य पहिचान र परीक्षण गर्ने मामिलामा पत्रकारिता क्षेत्रलाई संवेदनशील बनाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ-संस्थासँग समेत आवश्यक समन्वय गरी कार्यक्रम तय गर्न महासंघले पहल लिनु आवश्यक देखिन्छ ।

## अनुसूची–१

# फारमको नमूना

जिल्ला :

फ्रि मिडिया नेटवर्कको संयोजकको नाम :

महिना :

| १) अवस्था र वर्णनः | | | | |
|---|---|---|---|---|
| **अवस्था** | **पत्रकार सुरक्षा** | **मिडिया क्षेत्रको अपडेट** | **जिल्ला शाखाका गतिविधि** | **जिल्ला शाखाले यो परियोजना अन्तर्गत गरेका गतिविधि** |
| पछिल्लो दुई महिनामा तपाईंको जिल्लाको अवस्थाले अभिव्यक्ति स्वतन्त्रता, मिडिया अधिकार, mis/disinformation, लोकतन्त्र र शान्तिको अवस्थामा पारेको असर बारे विस्तृतमा लेख्नुहोस् । | पछिल्लो दुई महिनामा तपाईंको जिल्लाका पत्रकारको सुरक्षा अवस्थाबारे विस्तृतमा लेख्नुहोस् । | पछिल्लो दुई महिनामा तपाईंको जिल्लामा बन्द भएका, नयाँ खुलेका सञ्चारमाध्यम र तपाईंको नजरमा तिनका काम र समस्याका बारेमा लेख्नुहोस् । यसमा अनलाइन मिडिया (अनलाइन टिभी र अनलाइन रेडियो सहित), टिभी, छापा र रेडियोलाई समावेश गर्नुहोला । | गएको दुई महिनामा जिल्ला शाखाले पत्रकार र मिडिया सुरक्षाबारे गरेका गतिविधि संक्षेपमा बुलेटमा लेख्नुहोस् । | जिल्ला शाखाले सुरक्षित मिडिया परियोजना अन्तर्गत गएको दुई महिनामा संचालन गरेका गतिविधि जस्तै फ्रि मिडिया नेटवर्क, पत्रकार तालिम, बैठक, संवाद लगायतबारे संक्षेपमा बुलेटमा लेख्नुहोस् । |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| २) **अभिव्यक्ति स्वतन्त्रता र मिडिया अधिकारको तालिका - कृपया तल फुटनोट[४]मा वर्गीकरण गरिएको जोखिमको आधारमा नम्बर लेख्नुहोला ।** | | | | | |
|---|---|---|---|---|---|
| सूचकहरू | नियन्त्रण | पत्रकारमाथि दुर्व्यवहार | पत्रकारलाई धम्की | Mis/disinformation | अभिव्यक्ति स्वतन्त्रतामाथि जोखिम (निति तथा कानूनहरूका कारण जोखिम, कुनै संस्था वा निकायले दिएको धम्की) |
| अंक | | | | | |
| कैफियत | | | | | |

३) **कैफियत र घटनाहरू** (तपाईंलाई उल्लेख गर्न मन लागेको वा तपाईंको नजरमा महत्वपूर्ण घटना विशेषगरी महासंघले हस्तक्षेप गर्नुपरेको कुनै घटना छन् भने लेख्नुहोला ।)

४ १- कुनै चुनौती छैन २- जिल्ला शाखाले सम्बोधन गर्नु परेका वा गर्नु पर्ने चुनौती ३- मध्यम चुनौतीः जिल्ला शाखाले व्यवस्थापन गर्न सकेको ४- बढ्दै गएका चुनौती : महासंघ केन्द्रले हेर्नुपरेको ५- महासंघ केन्द्रले सहयोग गर्नुपरेको ठूला चुनौती

# सञ्चार माध्यम तथा पत्रकारहरूका लागि नेपाल पत्रकार महासंघ तथा प्रेस काउन्सिल नेपालले संयुक्तरूपमा जारी गरेको आचारसंहिता

| पत्रकार र सञ्चारमाध्यमहरूको कर्तव्य | पत्रकार र सञ्चारमाध्यमहरूले गर्न नहुने |
|---|---|
| (१) प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन | (१) सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने |
| (२) मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान | (२) भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण |
| (३) पेशागत मर्यादा तथा व्यवहार | (३) हिंसा, आतंक, अश्लीलता र अपराधलाई प्रश्रय हुने |
| (४) सामाजिक दायित्व | (४) पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण |
| (५) सम्पादकीय स्वतन्त्रताको सम्मान | (५) घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख A16 |
| (६) सत्य-तथ्य र सन्तुलित सूचना सम्प्रेषण | (६) बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण |
| (७) समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण | (७) फोटो तथा दृश्यको गलत प्रयोग |
| (८) गोप्य स्रोतको संरक्षण | (८) पोस्ट डिलिट |
| (९) गोपनीयताको हकको सम्मान | (९) अनुचित दवाब वा सम्बन्ध |
| (१०) भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता | (१०) प्रविधिको अदृश्य प्रयोग |
| (११) राष्ट्रिय विपद्मा संयम | (११) न्याय निरूपणमा प्रभाव |
| (१२) मत सर्वेक्षणमा सतर्कता | (१२) पेशागत मर्यादाविपरीत उपहार तथा पुरस्कार ग्रहण |
| (१३) अन्तर्वार्तामा सजगता : | (१३) मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर |
| (१४) गल्ती सच्याउन तत्परता | (१४) जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना जनस्वास्थ्यसँग सरोकार भएका विषयसम्बन्धी |

यो आचारसंहिता विस्तृतरूपमा *https://www.fnjnepal.org/uploads/resources/resource_1569306663.pdf* पनि डाउनलोड गरी हेर्न वा पढ्न सकिनेछ ।

This project is funded by

EUROPEAN UNION

**ईन्टरनेशनल अलर्ट**
बखुण्डोल, ललितपुर
पोष्ट बक्स नं. २४११८, काठमाडौं, नेपाल
फोन: ९७७-१-५५२८४६८
Email: nepal@international-alert.org
Website : www.international-alert.org

**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन: ९७७-१-४११२७६३, ४११२६७३
Email: fnjnepalcentral@gmail.com,
Website : www.fnjnepal.org